का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ साउन २०८०,
आइतबार
13 August 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक १९९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




सुन तस्करी प्रकारण

# छुट्न थाले आरोपितहरु

सुन तस्करी प्रकरणमा पक्राउ परेका दुई चिनियाँ नागरिक रिहा भएका छन् । व्यापारी राकेश अडुकियाका छोरा रोहन अडुकिया पनि छुटेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

सुन तस्करी प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ परेकाहरु छुट्न थालेका छन् । सुन तस्करी प्रकरणमा संलग्नताको आशंका गरी पक्राउ गरिएका दुई चिनियाँ नागरिक गत शुक्रबार नै रिहा भएको पाइएको छ । चिनियाँ नागरिकहरु ली जियालिङ र लिउ फुयान रिहा भएको प्रहरी प्रवक्ता कुबेर कडायतले जानकारी दिए ।

शुक्रबार बिहान अध्यागमन विभागले उनीहरूलाई चीन जान लागेको बेला विमानस्थलबाट शुक्रबार बिहान पक्राउ गरेको थियो । राजश्व अनुसन्धान विभागको अनुरोधमा अध्यागमनले उनीहरुलाई कालोसूचीमा राखेको थियो ।

यसअघि भेपमा लुकाएर ल्याएको भनिएको १० किलो सुन तस्करीमा ली र लुई नाम गरेका चिनियाँ नागरिकको संलग्नताको आशंका गरिएको थियो । एक सय किलो सुन तस्करीमा पनि उनीहरुको संलग्नता रहेको हुनसक्ने आशंका गरी राजश्व अनुसन्धान विभागले ती नामहरूलाई राडारमा राखेको थियो ।

मिल्दोजुल्दो नाम आएपछि अध्यागमन विभागले उनीहरूलाई नियन्त्रणमा लिएको थियो । तर नियन्त्रणमा लिइएका व्यक्तिहरु सुन तस्करीमा संलग्न भनिएका ली वा लुई रहेको नपाइएपछि उनीहरुलाई शुक्रबार नै रिहा गरिएको हो ।

व्यापारी राकेश अडुकियाका छोरा रोहन अडुकिया पनि छुटेका छन् । शुक्रवार दिल्लीबाट नेपाल फर्केका अडुकियालाई पासपोर्ट कालो सूचीमा देखिएपछि त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयले प्रहरीको सहयोगमा पक्राउ गरेको थियो ।

झण्डै एक सय किलो सुन तस्करीबारे अनुसन्धानको क्रममा राजस्व अनुसन्धान विभागले रोहनको पासपोर्ट कालो सूचीमा राख्न पत्राचार गरेको थियो । अध्यागमनले पक्राउ गरेपछि सुन तस्करीको अनुसन्धान फाइल प्रहरीसँग रहेको भन्दै राजस्व र अध्यागमनले रोहनलाई सीआईबीको जिम्मा लगाउन खोजेका थिए । तर, रोहनलाई केन्द्रीय अनुसन्धान ब्युरोले खोजेको मान्छे नभएको भनेर फिर्ता गरिदियो । शुक्रवार राजस्व अनुसन्धान विभागबाट सशस्त्र प्रहरी सहितको टिम रोहनलाई जिम्मा लगाउन महाराजगञ्जस्थित ब्युरोमा पुगेका थिए । तर, रोहनबारे थाहा नभएको भन्दै ब्युरोका अधिकृतहरूले उनलाई जिम्मा लिएनन् ।

त्यसपछि उनलाई अध्यागमनको हिरासतमा राखिएको थियो । शनिवार ११ बजे उनलाई 'बोलाउँदा उपस्थित हुने शर्त मा रिहा गरिएको विमानस्थल अध्यागमन कार्यालयका एक अधिकृतले जानकारी दिए । राजस्व अनुसन्धान विभागको पत्रको आधारमा रोहनको पासपोर्ट नम्बर जेड-६३९६४२१ नेपाली पोर्टमा सूचीमा राखिएको थियो । राजस्व अनुसन्धान विभागले साउन १० मा कमलपोखरीस्थित राकेशको घरमा छापा मारेको थियो । त्यतिबेला नै राजस्व अनुसन्धान विभागले बाबु-छोराको पासपोर्ट कालोसूचीमा राख्न अध्यागमनलाई पत्राचार गरेको बताइन्छ । तर पक्राउ परेका उनी छुटेका छन् ।

प्रधानमन्त्रीको भ्रमण

# चीन र अमेरिकाले प्रस्ताव गरे एउटै मिति

प्रधानमन्त्री प्रचण्ड निकट स्रोतका अनुसार उनी पहिले अमेरिका जान सक्छन् । त्यसलगतै उनी चीन जाने सम्भावना धेरै छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अमेरिका र चीन भ्रमणको तयारी एकसाथ अगाडि बढेको छ । तर दुवै देशले भ्रमणको प्रस्तावित मिति एउटै गरेपछि प्रचण्ड अप्ठ्यारोमा परेका छन् ।

परराष्ट्र मन्त्रालयका अनुसार प्रचण्डको चीन र अमेरिका दुवै देशको भ्रमणको तयारी तीव्र रुपमा चलिरहेको छ । तर पहिला कहाँ जाने तय भएको छैन । परराष्ट्र मन्त्रालयका एक अधिकारी भन्छन्, 'चीन र अमेरिका दुवै देशका लागि निमन्त्रणा आएको छ । दुवै देशले तोकेको मिति जुधेका कारण पहिला कहाँ जाने निश्चित हुन सकेको छैन ।'

२३ सेप्टेम्बरदेखि चीनमा एसियाली खेलकुद हुँदैछ । त्यसको उद्घाटन कार्यक्रममा सहभागी हुने गरी प्रधानमन्त्री प्रचण्डलाई भ्रमण गराउने चीनको तयारी छ । तर त्यही समयमा अमेरिकाको न्यूयोर्कमा संयुक्त महासभामा भाग लिन जाने कार्यक्रम तय भएको छ । त्यो सभामा सेप्टेम्बर २१ देखि २३ सम्म विभिन्न देशका सरकारको प्रमुखहरूको सम्बोधन गर्ने कार्यक्रम छ । दुवै देशको कार्यक्रम जुधेको कारण पनि प्रधानमन्त्री प्रचण्ड अप्ठ्रोमा परेका छन् ।

तेस्रो पटक प्रधानमन्त्री भएपछि प्रचण्डले पहिलो विदेश भ्रमण भारतको गरे । पहिलो विदेश भ्रमण चीन हुने कि भारत भन्ने चर्चाकाबीच प्रचण्डले पहिलो विदेश भ्रमण भारतको गरेका हुन् । भारत भ्रमणबाट फर्किएपछि प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणमा जाने तयारी शुरु भएको थियो । तर यसबीचमा प्रचण्ड खाद्य सुरक्षा कार्यक्रममा सरिक हुन इटाली गएर फर्किइसके । इटाली भ्रमणपछि अब चीन भ्रमणको तयारी शुरु भएको थियो । यहीबीचमा अमेरिका भ्रमणको तयारी पनि अगाडि बढेको छ ।

प्रधानमन्त्री प्रचण्ड निकट स्रोतका अनुसार उनी पहिला अमेरिका जान सक्छन् । एक अधिकारी भन्छन्, ' प्रधानमन्त्री प्रचण्डले अमेरिका जाने मन बनाइसकेका कारण पहिलो भ्रमण अमेरिका हुन सक्छ । त्यसलगत्तै चीन जाने सम्भावना ज्यादा छ ।'

महासभामा सेप्टेम्बर २१ देखि २३ सम्म सरकार प्रमुखको सम्बोधन रहेको कारण नेपालका सरकार प्रमुख प्रधानमन्त्री प्रचण्डको सम्बोधन शुरुमै राखेर कार्यतालिका बनाउने गृहकार्य भइरहेको बताइन्छ ।

महासभामा प्रचण्डले बोल्ने कार्यक्रम २२ सेप्टेम्बरका लागि राखिएको छ । त्यसका लागि प्रधानमन्त्री प्रचण्ड सेप्टेम्बर २० या २१ मा अमेरिका पुग्नुपर्ने हुन्छ । महासभाको कार्यतालिका हेरफेर गरेर २१ तारेखमा राख्न सकिन्छ कि भनेर नेपालको तर्फबाट प्रयास भइरहेको छ ।

यस विषयमा साउन १८ गते प्रधानमन्त्री प्रचण्डले नेपालका लागि अमेरिकी राजदूत डिन थप्सनसँग छलफल गरेका थिए । अमेरिकी दूतावास पनि यसको गृहकार्यमा लागेको छ ।

चीनमा सेप्टेम्बर २३ मा एसियाली खेलकुदको उद्घाटन छ । त्यसमा सहभागी हुने गरी अमेरिकाबाट सिधै चीन जाने या नेपाल आएर जाने त्यसको तालिका मिलाउन सकिने सम्भावनाको विषयमा परराष्ट्र मन्त्रालय गृहकार्यमा छ । अक्टोबर ८ मा एसियाली खेलकुदको समापन छ, त्यसमा जाने हो कि ? यस कोणबाट पनि कुराकानी भइरहेको बताइन्छ । यता, चीनले भने अमेरिकाभन्दा पहिले चीनको भ्रमण गराउन चाहेको छ । यसअघि पनि भारतभन्दा पहिले चीन लैजान प्रयास गरिएको थियो, तर प्रधानमन्त्री प्रचण्डले पहिलो भ्रमण भारतबाट शुरु गरेका थिए ।



# सुशासन दिन नसके सरकार टिक्दैन : शेखर कोइराला

नेपाली कांग्रेसका नेता शेखर कोइरालाले भ्रष्टाचारको अन्त्य र सुशासनको प्रत्याभूति दिन नसके वर्तमान सरकार धेरै दिन टिक्न नसक्ने बताएका छन् ।

नेपाली कांग्रेस भक्तपुरले शनिबार गरेको कार्यक्रमलाई सम्बोधना गर्दै उनले नेपालमा वैदेशिक लगानी भित्र्याउन पनि भ्रष्टाचार अन्त्य हुनुपर्ने बताए । उनले अमेरिकाको पछिल्लो वैदेशिक नीतिमा पनि नेपालमा लगानीका लागि भ्रष्टाचार र सुशासन मुख्य समस्या रहेको औंल्याइएको उल्लेख गर्दै त्यसलाई कम गर्न सत्तारुढ गठबन्धन र सरकारले जोड दिनुपर्ने बताए । नेता कोइरालाले राजनीतिक स्थिरता, भ्रष्टाचारको अन्त्य, लगानीमैत्री कानुनको निर्माण गर्न सके

>>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# मागपत्र प्रमाणीकरणमा सहजीकरण गरिदिन राजदूत पौडेलसँग संघको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाको रोजगारीमा कुनैपनि प्रकारको एकाधिकार स्थापित हुने गतिविधिलाई निरुत्साहित गर्न आग्रह गर्दै मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेलको ध्यानाकर्षण गराएको छ ।

मलेसियामा नेपाली कामदारको निष्पक्ष, पारदर्शी एवम् मर्यादित भर्ना प्रक्रियाका बारेमा विभिन्न पक्षसँग छलफल गरिरहेको संघ प्रतिनिधिमण्डलले शुक्रबार राजदूत पौडेललाई ८ बुँदे ज्ञापनपत्र बुझाउँदै उक्त ध्यानाकर्षण गराएको हो ।



संघले राजदूत पौडेललाई मलेसियाका विभिन्न राज्यमा कार्यरत नेपाली कामदार राहदानी नवीकरण गर्न, नयाँ बनाउन वा शुल्क बुझाउन दूतावास आउन समस्या रहेकाले सहजीकरण गर्न, सवाह र सरावक राज्यका रोजगारदाताबाट आउने मागपत्र प्रमाणीकरणमा सहजता ल्याउन, मागपत्र प्रमाणीकरण गर्न वैदेशिक रोजगार विभागको वेबसाइट (फेमिस)ले सञ्चालक प्रमाणित गरेको खण्डमा वैदेशिक रोजगार व्यवसायी स्वयं उपस्थित भएमा मलेसियाको श्रम कानूनअनुसार हुने व्यहोरा उल्लेख गरी प्रमाणीकरण गरिदिन पनि माग गरेको छ ।

त्यसैगरी संघले विभिन्न कारणले ओभरस्टे भएका, राहदानी चोरी भएका वा हराएका कामदारको सहजरुपमा एकतर्फी ट्राभल्स डकुमेन्ट नबन्दा बिचौलियाहरुले ठग्ने तथा मलेसियन प्रहरीको जिम्मा लगाउने धम्की दिएर थप शोषण गर्ने गरेकाले सहजरुपमा ट्राभल्स डकुमेन्ट बनाइदिनुपर्ने पनि माग गरेको छ ।

यसका अतिरिक्त जेलमा रहेका कामदारको प्रतिरक्षा र उद्धारमा विशेष जोड दिन आग्रह गर्दै संघले नेपाली कामदारहरुले भाषाको समस्याका कारण आफ्ना भनाइ तथा प्रमाणहरु पेश गर्न नसकेकाले भाषा अनुवादको व्यवस्था गरिदिन, कानूनी सहायता उपलब्ध गराइ जेलमुक्त गराउन पनि दूतावासको ध्यानाकर्षण गराएको संघका महासचिव मेघनाथ भुर्तेलले मलेसियाबाट जानकारी दिए ।

संघले जेल वा डिटेन्सन सेन्टरबाट मुक्त भइ स्वदेश फर्किनुपर्ने बाध्यतामा रहेकाहरुलाई आवश्यक पर्ने हवाई टिकटलगायतका विषयमा पनि संघलाई जानकारी गराउन दूतावाससँग माग गरेको छ ।

संघको ध्यानाकर्षण पत्र बुझ्दै राजदूत

>>> पृष्ठ २ मा

# संविधानको आठ वर्ष : अझै १८१ कानून अपुग

अध्ययनमा संघ, प्रदेश र स्थानीय तहले बनाउनुपर्ने कानूनका विषयहरु समेत छुट्याइएको छ । यसका अतिरिक्त संविधानको अनुसूचीमा उल्लेखित एकल तथा साझा अधिकार सूचीका थप आधारभूत कानूनसमेत बनाउनुपर्ने अध्ययनको निष्कर्ष छ ।



संवैधानिक प्रावधान लागू गर्न संघीय संसदले १ सय ५१, प्रदेश सभाले २४ र स्थानीय तहले ६ वटा विषयमा कानून बनाउनुपर्ने हुन्छ ।

**जयन्ती देवी राई**
**सभापति, विधायन व्यवस्थापन समिति**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

संघीयतासहितको संविधान कार्यान्वयनका लागि अझै १ सय ८१ वटा कानून आवश्यक रहेको संसदीय अध्ययनले देखाएको छ । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले तयार पारेको 'संविधान अनुसार बन्न बाँकी कानूनहरुको अध्ययन प्रतिवेदन २०८० ' ले संविधान लागू गर्न आधारभूतरुपमा कम्तीमा १ सय ८१ वटा कानून बनाउनुपर्ने उल्लेख छ ।



विधायन व्यवस्थपन समितिकी सभापति जयन्ती देवी राईका अनुसार संविधान अनुसार संवैधानिक प्रावधान लागू गर्नका लागि आधारभूतरुपमा कम्तीमा बनाउनुपर्ने १ सय ८१ विषयमध्ये संघीय संसदले १ सय ५१, प्रदेश सभाले २४ र स्थानीय तहले ६ वटा विषयमा कानून बनाउनुपर्ने हुन्छ ।

संविधान जारी भएको लामोसमय सम्म पनि संविधानप्रदत्त हक कार्यान्वयन हुन नसकेको गुनासो र सांसदहरुको चासोलाई मुख्य आधार बनाएर २८ पुस २०७९ मा राष्ट्रिय सभा सदस्य विमला राई पौड्यालको नेतृत्वमा

>>> पृष्ठ २ मा

# समाज रुपान्तरणमा युवा पुस्ताको नेतृत्वदायी भूमिका आवश्यक : मन्त्री मोदी

**मोरङ/मस**-संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले समाज रुपान्तरणका लागि युवा पुस्ताको नेतृत्वदायी भूमिका आवश्यक रहेको बताएका छन् ।

मोरङको विराटनगरमा अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा मातृभूमि फाउण्डेशन नेपालले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री मोदीले यस्तो बताएका हुन् । 'समाज रुपान्तरणका निम्ति युवा पुस्ताले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ' मन्त्री मोदीले भने, 'देशको परिस्थिति र समाजको आवश्यकतालाई ध्यानमा राखेर युवा पुस्ताले मुलुक निर्माणमा योगदान गर्न सक्नुपर्छ ।'



नेपालमा रोजगारीको अवसर नभएका कारण लाखौं लाख युवाहरु खाडी मुलुकमा जान बाध्य भएको बताउँदै मन्त्री मोदीले उनीहरुको श्रम र सीपलाई उपयोगमा ल्याउनेगरी सरकारले काम गरिरहेको समेत बताए । उनले थपे, 'जो युवाहरु विदेशिएका छन्, त्यहाँ पनि बोटमा पैसा फलेको छ भनेर टिप्न गएका होइनन्, उनीहरुले रगत र पसिना बगाएर श्रम गरिरहेका छन्, उनीहरुलाई नेपालमै रोजगारीको प्रबन्ध गर्ने र युवाहरु विदेशिने क्रमलाई रोक्नेबाहेक सरकारसँग अर्को विकल्प छैन ।' मन्त्री मोदीले भ्रष्टचारीहरीहरुलाई कानुनी दायरामा ल्याइ सुशासन कायम गरी देशमा रोजगारी सिर्जना गर्ने बाटोमा सरकार अगाडि बढिरहेको समेत बताए । कार्यक्रममा नेपाल र भारतका विभिन्न क्षेत्रमा विज्ञता हासिल गरेका युवाहरुले धारणा समेत राखेका थिए ।

**सर्लाही डायरी**
लक्ष्मण यादव/मध्यान्ह

## लोसपाका ठाकुर कांग्रेसमा प्रवेश




स्थानीय तहको निर्वाचन २०७९ मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट वडा अध्यक्षको प्रत्याशी रहेका सर्लाहीका एक नेता नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । बरहथवा नगरपालिका-१४ का वडा अध्यक्ष प्रत्याशी चन्दन ठाकुर कांग्रेसमा प्रवेश गरेका हुन् ।

कांग्रेस बरहथवा-१४ ले शनिबार आयोजना गरेको कार्यकर्ता भेटघाट तथा पार्टी प्रवेश कार्यक्रममा ठाकुर कांग्रेसमा प्रवेश गरेको कांग्रेस बरहथवा-१४ वडा कमिटीका संयोजक राम उदय रायले बताए । उनका अनुसार प्रत्याशी ठाकुरसहित सयौंको संख्यामा नेता कार्यकर्ता पार्टी प्रवेश गरेको बताए ।

वडा अध्यक्ष प्रत्याशी ठाकुरसहित पार्टी प्रवेश गरेकाहरुलाई मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र प्रसाद सिंह, बरहथवा नगरपालिकाका मेयर प्रत्याशी बिगु चौधरीलगायतका नेताले पार्टीमा स्वागत गरे । कार्यक्रममा बोल्दै वडा अध्यक्ष प्रत्याशी ठाकुरले आफू मन्त्री सिंहको लोकप्रियताका कारण नेपाली कांग्रेसमा प्रवेश गरे ।

## युवा दिवसको अवसरमा रक्तदान

अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारेर विभिन्न संघसंस्थाको सहकार्यमा वर्क प्लान नेपालले शनिबार रक्तदान कार्यक्रमको आयोजना गरेको छ । सर्लाहीको बरहथवामा आयोजना गरिएको उक्त कार्यक्रममा ७५ जनाले रक्तदान गरेका छन् ।

त्यस्तै सोही अवसरमा नगरपालिकाको विभिन्न वडामा विभिन्न जातको १ हजार २ सय बिरुवा रोपेको वर्क प्लान नेपालका अध्यक्ष सुनिल यादवले बताए ।

रक्त सञ्चार सेवा धनुषाको प्राविधिक सहयोगमा वर्क प्लान नेपालले आयोजना गरेको उक्त कार्यक्रममा बरहथवा सरसफाइ अभियान, बरहथवा युवा सञ्जाल, बरहथवा एफएम, रेडियो तुफानलगायत विभिन्न संघसंस्थाहरुले सहकार्य गरेको थियो ।

## प्रज्ञा प्रतिष्ठानमा मातृभाषा साहित्य श्रृंखला शुरु

काठमाडौं/मस- नेपाल प्रज्ञा प्रतिष्ठानको साहित्य (मातृभाषा) विभागले मातृभाषा साहित्य शृंखला प्रारम्भ गरेको छ । यस शृंखलामा मातृभाषा साहित्यबारे सिर्जना, संवाद र विमर्श नियमितरूपमा प्रत्येक महिनाको अन्तिम शुक्रबारका दिन आयोजना गरिने भएको छ । यस क्रममा प्रज्ञा प्रतिष्ठानका साहित्य (मातृभाषा) विभागका सदस्य तथा युनेस्कोका सहजकर्ता डा. सोमबहादुर धिमालले 'धिमाल भाषाको साहित्य' विषयक कार्यपत्र प्रस्तुत गरे ।

कार्यपत्रमा धिमाल जातिका मौलिक विशेषता र परम्पराहरू, आरोह अवरोह, अवस्था, पुस्तान्तरण, चलचित्र, गीतिसाहित्य, पत्रकारिता, लोककथा, लोकउखान, किंवदन्ती, कविता, गीत, नियात्रालगायतका विधागत कृतिबारे उल्लेख गरिएको छ । सो अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले सबै जातजाति र समूदायका आ-आफ्नै भाषा रहेको बताउँदै तिनले बोल्ने सबै भाषा मातृभाषा भएको बताए । भाषामा विभेद झल्किने कुनै पनि मार्जिनको जरुरत नभएको उनले बताए । उनले भने, 'कर्मकाण्डीय रूपमा वर्षमा एकचोटी मातृभाषा दिवस मनाइन्थ्यो । त्यस परम्पराको साटो मातृभाषाको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले मातृभाषा साहित्य शृंखलाको शुरु गरिएको हो । यसले मातृभाषाका स्रष्टाहरूलाई उत्साहित र प्रोत्साहित गर्ने छ ।'

यसैगरी प्रज्ञा प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'झविमल निभा'ले सबै जातजातिको मातृभाषा र साहित्य प्राण रहेको बताउँदै यसको उत्थान र विकासमा लाग्न मातृभाषा साहित्य शृंखलाले उत्साह र हौसला थप्ने बताए ।

यस्तै प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले स्वागत मनतव्यको क्रममा नेपाल बहुजातीय र बहुभाषा भएको देश रहेको बताउँदै भने, 'यहाँ भएका सम्पूर्ण मातृभाषाको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व वहन गरेका छौं । यसैअनुरूप मातृभाषा साहित्यको नियमित शृंखला शुरु गरिएको हो ।'

यसैगरी समापनका क्रममा मातृभाषा साहित्य शृंखलाका अध्यक्ष, प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (मातृभाषा) विभाग प्रमुख राजन मुकारुङले सबै भाषाका साहित्यिक स्रष्टाहरूले आ-आफ्नो स्वत्व आत्मसात् गर्नेगरी मातृभाषा साहित्य शृंखलाको प्रारम्भ गरिएको बताए । उनले यसअघि प्रज्ञा प्रतिष्ठानले फेब्रुअरी २१मा पर्ने अन्तर्राष्ट्रिय मातृभाषा दिवस एकदिन मनाउने गरेको बताउँदै त्यस परम्पराको सट्टा विविध मातृभाषामा सिर्जना, संवाद र विमर्श गर्न लागिएको बताए ।

यस्तै डा. सोमबहादुर धिमालद्वारा लिखित 'धिमाल साहित्य' विषयक कार्यपत्रमाथि प्राज्ञ सभा सदस्य डा.तारामणि राईले भने, 'धिमाल भाषाको साहित्य र संस्कृतिबारे सुपरिचित भयौं तर कार्यपत्रलाई सापेक्षितरूपमा परिमार्जन गर्नु उपयुक्त हुने छ ।'

यसैगरी प्रतापसिंह नाछिरिङ, रामनारायण देव, लोचना मोक्तान, विक्रममणि त्रिपाठी, सन्ध्या पहाडी, गणेशबहादुर घले, कमला शाक्य सृष्टि र प्रकाश वान्तवालगायतले प्रस्तुत कार्यपत्रमाथि पूरक टिप्पणी गरे ।

यसैक्रममा तीन कविले तीन भाषाका कविता कार्यक्रममा वाचन गरे । जसमा नेपाल संगीत नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य देवकुमार चौधरीले थारु भाषामा, अञ्जु राजवंशीले राजवंशी भाषामा र विनिता ताजपुरियाले ताजपुरिया भाषामा, आ-आफ्नो कविता वाचन गरे । कार्यक्रमको सञ्चालन प्रज्ञा प्रतिष्ठान भौतिक संशाधन व्यवस्थापन महाशाखा प्रमुख तथा कवयित्री सन्ध्या पहाडीले गरिन् ।

### नक्कली शैक्षिक प्रमाणपत्र प्रकरण

## बागमती हस्पिटलका चिकित्सक यादव पक्राउ




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ साउन

नक्कली शैक्षिक प्रमाण पत्र प्रकरणमा बागमती हस्पिटल प्रा.लि अन्तर्गत पिपराबजारमा कार्यरत एक जना चिकित्सक पक्राउ परेका छन् ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले दुर्गा भगवती गाउँपालिकाको पिपराबजारमा सञ्चालित बागमती हस्पिटल प्रालिमा कार्यरत चिकित्सक रामबाबु यादवलाई पक्राउ गरेको हो ।

सिरहाको लहान घर भएका जेनरल फिजिसियन यादव बंगलादेशबाट चिकित्सको अध्ययन गरेपनि शैक्षिक प्रमाण पत्र छानविनको क्रममा नक्कली पाएपछि ब्यूरोको टोलीले पक्राउ गरेको जनाएको छ । पक्राउ परेका यादवलाई ब्यूरोले छानविन शुरु गरेको जनाएको छ । नक्कली चिकित्सकलाई राखेर बागमती हस्पिटल प्रालिका सञ्चालक पक्षले गरिब, असहाय बिरामीहरुलाई ठगी गरिरहेको रहस्य खुलेको हो । हस्पिटलमा कार्यरत चिकित्सक नक्कली प्रमाणपत्र रहेको खुलेपछि स्थानीयले अस्पतालको वैधानिकतामाथि नै प्रश्न गर्न थालेका छन् ।

रौतहटमा खुलेका अन्य निजी अस्पतालमा पनि चिकित्सकहरुको नक्कली शैक्षिक प्रमाण पत्र भएको हुन सक्ने भन्दै छानविन गर्न वुद्धिजिवीहरुले आग्रह गरेका छन् ।

## कांग्रेसमै फर्किए कर्णाली प्रदेश सभा सदस्य शाही

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २७ साउन



जुम्लाबाट प्रदेश (क) क्षेत्रबाट स्वतन्त्र उम्मेदवारका रुपमा चुनाव जितेका कर्णाली प्रदेश सभा सदस्य देवेन्द्र शाहीले नेपाली कांग्रेसमा फर्किएको घोषणा गरेका छन् ।

नेपाली कांग्रेसभित्रै विद्रोह गरी चुनाव जितेका कर्णाली प्रदेश सांसद शाहीले पुरानै पार्टीमा फर्किएको घोषणा गरेका हुन् ।

जुम्लामा आयोजित पत्रकार भेटघाटमा सांसद शाहीले स्वतन्त्र भएर निर्वाचन जितेपनि पार्टी त्यागेको अभिव्यक्ति कहल्यै नदिएको दाबी गरेका छन् । उनका अनुसार चुनावका बेला समेत पार्टीले टिकट नदिएर अन्याय गरेकोले स्वतन्त्र भएर न्याय माग्दै मतादाता माझ गएको बताए । सांसद शाहीले प्रदेशको क्षेत्र विकास कोष टुक्रे योजनामा नखर्चिने समेत बताए । जुम्लाको निर्वाचन क्षेत्र (क) का चार वटै पालिका, नागरिकसँगको छलफल, विचार, विमर्शपछि मात्रै क्षेत्र विकास कोष खर्चको आधार तयार गरिने शाहीको भनाइ छ । जुम्लाका स्थानीय तहमा आवासीय विद्यालय आवश्यक रहेको उनले बताए । जटिल भूगोलमा छरिएर रहेका बस्तीबाट निकै कष्टका साथ शिक्षा आर्जन गर्नुपर्ने बाध्यता हटाउन आवासीय विद्यालय आवश्यक रहेको उनको भनाइ छ । कर्णाली प्रदेशमा समेत यो सवालमा छलफल गर्ने गरिएको सांसद शाहीले बताए ।

दबाब र प्रभावमा नपरी आवश्यकता र महत्व हेरेर मात्रै क्षेत्र विकास कोषको ४ करोड रुपैयाँबाट आयोजना छनोट गर्ने सांसद शाहीले प्रतिबद्धता जनाए ।

## अवैध घरेलु मदिरा नष्ट

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २७ साउन

सिरहा प्रहरीले करिब ५० लिटर अवैध घरेलु मदिरा नष्ट गरेको छ । वडा प्रहरी कर्यालय सिरहाबाट खटिएको प्रहरी गस्ती टोलीले सिरहा नगरपालिका-२ स्थित बिक्री वितरणका लागि लैजाँदै गरेको करिब ५० लिटर अवैध घरेलु मदिरा नियन्त्रणमा लिएर नष्ट गरेको हो ।

अवैध घरेलु मदिरा लिएर आएकाहरु प्रहरी गस्ती टोलीलाई देख्नेबितिकै मदिरा छाडेर भागेको वडा प्रहरी कार्यालय सिरहाका प्रमुख विश्वबाबु बुढाथोकीले बताए । उनले नियन्त्रणमा लिइएको करिब ५० लिटर अवैध घरेलु मदिरा स्थानीय, नागरिक अगुवा तथा अन्य सरोकारवालाहरुको रोहबरमा नष्ट गरिएको मध्यान्हलाई बताए । उनले आउने केही दिनमै अवैध घरेलु मदिरा नष्ट गर्ने अभियान नै चलाउने बताए ।

### सुशासन....

समृद्ध र समुन्नत नेपाल बनाउन कुनै समस्या नहुने पनि दोर्होयाए ।

नेता कोइरालाले पार्टीको भातृ संस्थाहरु तरुण दल, नेविसंघ र नेपाल महिला संघको नेतृत्व विधि र विधान अनुसार चल्न नसकेको भन्दै आक्रोश व्यक्त गरे । उनले पार्टी भित्रै प्रतिशोधको राजनीति हुन नहुनेमा समेत जोड दिए ।

### मागपत्र...

पौडेलले मलेसियामा रोजगारीका लागि नेपाली कामदारको संख्यामा वृद्धिसँगै समस्या पनि बढेको भन्दै सबैको सहकार्यमा सकेसम्म छिटो सेवा उपलब्ध गराउने अधिकतम प्रयास भइरहेको जानकारी दिए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा संघका प्रथम उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय विभाग प्रमुख डिक बहादुर खत्री, तृतीय उपाध्यक्ष रोशन कटुवाल, महासचिव मेघनाथ भुर्तेल, सचिव कर्णराज कटुवाल, कार्यसमिति सदस्य राजेन्द्र बस्नेत, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालका उपाध्यक्ष गोविन्द कटुवाल, महासचिव मिलन कट्टेललगायतका व्यवसायीहरु सहभागी रहेको प्रतिनिधिमण्डलले बुधबारदेखि मलेसियाको भ्रमण गरिरहेको छ । यसअघि संघको प्रतिनिधिमण्डलले बिहीबार मलेसियास्थित सी लाइसेन्स होल्डर्स एशोसिएसन (पापस्मा)को आयोजनामा केलाङ शहरमा अन्तरक्रिया गरेको थियो ।

### संविधानको...

अध्ययन उपसमिति गठन भएको थियो । पौड्याल परराष्ट्रमन्त्री भएपछि राष्ट्रिय सभाका अर्का सदस्य अनिता देवकोटाले उपसमितिको नेतृत्व पाएकी थिइन् । उपसमितिले २५ जेठ २०८० मा बुझाएको प्रतिवेदनलाई विधायन व्यवस्थापन समितिले ३२ जेठ २०८० मा पारित गरेको थियो ।

अधयन प्रतिवेदनमा संघले, प्रदेश र स्थानीय तहले बनाउनुपर्ने कानूनका विषयहरु समेत छुट्याएको छ । यसका अतिरिक्त संविधानको अनुसूचीमा उल्लेखित एकल तथा साझा अधिकार सूचीका थप आधारभूत कानूनसमेत बनाउनुपर्ने अध्ययनको निष्कर्ष छ ।

संघीय संसदले बनाउनुपर्ने १५१ वटा कानूनमध्ये कम्तीमा ४० वटा नयाँ कानून निर्माण प्रक्रिया अविलम्ब शुरु गर्न सिफारिस गरेको छ ।

अविलम्ब बनाउनुपर्ने भनी किटान गरिएका ४० वटा कानूनमध्ये पहिलो नम्बरमा नागरिकतासम्बन्धी कानूनलाई राखिएको छ ।

विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको नेपालको नागरिकका सम्बन्धमा गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ ले केही व्यवस्था गरेको भए तापनि विदेशको स्थायी आवासीय अनुमतिपत्र त्यागेको नेपाली नागरिक सम्बन्धी व्यवस्था पूर्ण नभएको उल्लेख गर्दै प्रतिवेदनमा यो विषय व्यवस्था गर्न नयाँ नागरिकता सम्बन्धी कानून निर्माण गर्नुपर्ने भनिएको छ ।

जग्गा प्राप्ति, अधिग्रहण र क्षतिपूर्ति, विश्वविद्यालय कानून र चिकित्सा शिक्षासम्बन्धी कानूनलाई पनि एकीकृत बनाउन सकिने सुझाव समितिको छ ।

नागरिकतासँग सँगै संघीयता कार्यान्वयनका लागि आधारभूत मानिएको संघीय निजामती सेवा ऐन, संघीय शिक्षा, संघीय प्रहरी, जनस्वास्थ्य, कानूनी सहायता लगायतका कानून निर्माण नहुँदा समस्या भएको अध्ययनको निष्कर्ष छ ।

निजामती सेवासम्बन्धी कानून नबन्दा न्याय सेवाका कर्मचारीको पारिश्रमिकसम्बन्धी कानून, सरकारी वकिलको पारिश्रमिकसम्बन्धी कानून, संघीय संसद सचिवालयसम्बन्धी कानून, प्रदेश सरकारी सेवाको गठन, प्रदेश सभा सचिवालय स्थापना लगायतका कार्य ठप्प भएको भनी सरकारको ध्यानाकर्षण गरिएको छ ।

संसदीय अध्ययनले संविधान कार्यान्वयनको झण्डै एक दशकसम्म संविधानबमोजिम आवश्यक कानून नबन्नुमा सरकार र संसदलाई नै मुख्य जिम्मेवार देखाएको छ । 'यस अवधिमा सरकार र संसदले केही गर्दै नगरेको भने होइन । तथापि सरकार र संसदका प्रयास धेरै सुस्त र अपूर्ण भएको भने अवश्य हो' प्रतिवेदनमा उल्लेख छ ।

**यूएई र कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TAMAYAZ EMPLOYMENT SERVICES -SOLE PROPRIETORSHIP LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०४/२६ — चलानी नं.: ६०२०६०३३ — LT. No.: 290929

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Assistant | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | reinforcing Assistant | 100 | 0 | | 1200 | ४३,२१२ | | | | | | | |

२. कम्पनी : AL HUMAYUN TRADING AND SERVICES — शहरः Doha
पूर्व स्वीकृत मितिः २०८०/०४/२६ — चलानी नं.: ६०२०६०३५ — LT. No.: 290868

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisior | 9 | 0 | स. काममा दक्ष | 3500 | १२७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : IK CLEANING HOSPITALITY & SERVICES — शहरः Doha
पूर्व स्वीकृत मितिः २०८०/०४/२६ — चलानी नं.: ६०२०६०३४ — LT. No.: 290867

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 0 | 3 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 0 | 1 | | 1000 | ३६,३०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ३ गते (20 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.M.T. Overseas Pvt. Ltd.
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104, 9842036587, 9808466028, 9816731487, 9862504026, 9808635854, 9869317171.

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: NATIONAL CATERING COMPANY LIMITED- SOLE PROPRIETORSHIP LLC — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०१/२४ — चलानी नं.: ६०२०१०१३ — LT. No.: 285586 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 56 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२१२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant housekeeping supervisor | 3 | 0 | | 2200 | ७९,२२२ | | | | | | | |
| 3. | ASSISTANT STORE KEEPER | 3 | 0 | | 1500 | ५४,०१५ | | | | | | | |
| 4. | Chapati Maker | 12 | 0 | | 1200 | ४३,२१२ | | | | | | | |
| 5. | Chief Steward | 3 | 0 | | 1200 | ४३,२१२ | | | | | | | |
| 6. | Cleaner/Helper | 0 | 20 | | 900 | ३२,४०९ | | | | | | | |
| 7. | COFFEE SHOP ATTENDANT | 24 | 0 | | 1100 | ३९,६११ | | | | | | | |
| 8. | General Assistant | 18 | 0 | | 900 | ३२,४०९ | | | | | | | |
| 9. | General Cook | 6 | 0 | | 1200 | ४३,२१२ | | | | | | | |
| 10. | Khaleeji Cook | 3 | 0 | | 1800 | ६४,८१८ | | | | | | | |
| 11. | Laundryman | 12 | 0 | | 1000 | ३६,०१० | | | | | | | |
| 12. | Light Duty Driver | 3 | 0 | | 1800 | ६४,८१८ | | | | | | | |
| 13. | Recreation Officer | 3 | 0 | | 2200 | ७९,२२२ | | | | | | | |
| 14. | Room Boys | 120 | 0 | | 800 | २८,८०८ | | | | | | | |
| 15. | SOUTH INDIAN COOK | 3 | 0 | | 1200 | ४३,२१२ | | | | | | | |
| 16. | Tailor | 6 | 0 | | 1100 | ३९,६११ | | | | | | | |
| 17. | Tea/office boy | 24 | 0 | | 900 | ३२,४०९ | | | | | | | |
| 18. | waiter | 97 | 0 | | 1100 | ३९,६११ | | | | | | | |
| 19 | Waitress | 0 | 19 | | 1100 | ३९,६११ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ३ देखि १२ गतेसम्म (20 to 29 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

# एनआरएनए महासचिवमा तीव्र भिडन्तको सम्भावना

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन



गैरआवासीय नेपाली संघ (एनआरएनए)को अध्यक्षपछिको शक्तिशाली र महत्वपूर्ण मानिएको महासचिव पदमा तीव्र प्रतिस्पर्धा हुने देखिएको छ । अहिलेसम्म सो पदमा गौरीराज जोशी, अमेरिकाबाट बुद्धीसागर सुवेदी र बेल्जियमका गंगाधर गौतमले उम्मेद्वारी दिने भएपछि महासचिव पदमा भिडन्तको सम्भावना बढेको हो । उल्लेखित उम्मेद्वारमध्ये जोशी संघका वर्तमान महासचिव पनि हुन् । उनले आफूलाई महासचिव पदमा दोहोऱ्याउन चौतर्फी दबाब आएको भन्दै पुनः सोही पदमा उम्मेद्वारी दिने घोषणा गरेका हुन्।

सन् २००५ देखि गैरआवासीय नेपालीको अभियानमा जोडिएका जोशीले आफूले पद ओगट्न नभइ काम गरेर देखाउन चाहेको बताएका छन्। कुरा मात्र होइन काम गरेर प्रमाणित गर्नुपर्ने पक्षमा रहेका जोशीले संस्थालाई सबैको साझा र दीगो बनाउनु अहिलेको आवश्यकता रहेको बताए। उनको नेपालमा इन्सुरेन्स, बैंकिङ क्षेत्र, प्रविधि, हाइड्रोलगायत विभिन्न क्षेत्रमासमेत लगानी छ। जोशीले भारतमा पनि आइटी व्यवसाय विस्तार गरेका छन् ।

जोशीले नेपाली समाज टेक्ससको अध्यक्ष भएर काम गरिसकेका छन् । उनी एनआरएनए एनसीसी अमेरिकाको आजीवन सदस्य पनि हुन्। यस्तै मेम्बरसीप कोअर्डिनेटर भएर काम गरिसकेका जोशी २०१५ देखि एनआरएनएमा सक्रिय छन्।

यस्तै महासचिवका उम्मेद्वार गौतमले संघमा आफ्नो उम्मेदवारी प्रतिद्वन्द्वीका लागि नभइ प्रतिबद्धता र प्रतिबद्धता कार्यान्वयनका लागि भएको बताएका छन् । उनले गैर आवासीय नेपाली संघ आफैंमा एक विशाल अभियान भएको भन्दै यसलाई संस्थागत गर्दै विश्व नेपाली डायस्पोरालाई संस्थामा आवद्ध बनाउने प्रमुख लक्ष्यका साथ आफ्नो उम्मेद्वारी प्रस्तुत गरेको बताए। गौतमले सन् २००६ मा राष्ट्रिय समन्वय परिषद बेल्जियमको उपाध्यक्षबाट गैर आवासीय अभियानको यात्रा शुरु गरेका हुन् ।

यसैगरी महासचिवका आर्का उम्मेद्वार सुवेदीले खासगरी संघमा एनसीसीहरुको अधिकार र एनसीसीहरुको स्वायत्त तथा संस्था सुधारसहित गैरआवासीय नेपाली संघलाई बलियो बनाउन आफ्नो उमेद्वारी रहेको बताएका छन् । उनले एनसीसीहरु नै संस्थाको आधार भएका कारण आइसीसीका हस्तक्षेपकारी विधानका प्रावधानलाई परिवर्तन गर्न आफनो महासचिव पदमा उमेद्वारी रहेको बताए ।

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद अमेरिकामा च्याप्टर, उपाध्यक्ष तथा अध्यक्षको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेका सुवेदीले झोलामा रहेको संस्थालाई आफ्नै भवनमा सार्ने, अमेरिकी आर्मीसँग नेपालमा राहत सामग्री निःशुल्क दीर्घकालीनरुपमा ढुवानी गर्ने सम्झौतालगायत नेपाल तथा अमेरिकामा समेत महत्वपूर्ण कार्यहरु सम्पन्न गरेको दाबी गरे ।

संघको ११औं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन नयाँ नेतृत्व चयनको कार्यक्रमका साथ आगामी असोज ३० गतदेखि कात्तिक ३ गतेसम्म (१७ अक्टोबर-२० अक्टोबर, २०२३) काठमाडौंमा आयोजना हुँदै छ ।

# कतारमा रहेका जनजातिहरूले मनाए २९औं विश्व आदिवासी दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २७ साउन




नेपाल आदिवासी जनजाति महासंघ कतारको आयोजनामा '२९औं विश्व आदिवासी दिवस भव्यरूपमा मनाइएको छ। दिवसका अवसरमा शुभकामना आदान-प्रदान तथा विविध सांस्कृतिक कार्यक्रम २०२३' महासंघमा आवद्ध मातृ संस्थाहरूको मौलिक झाँकी तथा मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रमको साथमा मनाइएको हो। 'पहिचान र अधिकार सुनिश्चितताको लागि आदिवासी आन्दोलनमा सहभागी बनौं, परम्परागत ज्ञान सिपको प्रवर्द्धन गर्दै पुर्ख्यौली भूमि, भाषा र संस्कृतिको संरक्षण गरौं' भन्ने मूल नाराका साथ दिवस मनाइएको हो ।

महासंघ कतारका अध्यक्ष दुर्गा बहादुर पाङ्मी (डिएन) मगरको सभापतित्व तथा महासंघका पूर्व अध्यक्ष पुरुषोत्तम सुनुवारको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा महासंघभित्र रहेका मातृ संस्थाका प्रमुख तथा प्रतिनिधीहरुको विशिष्ट आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुनुवारले विश्वमा आदिवासी जनजातिको हरूको आफ्नै भाषा,धर्म संस्कृति, रीतिरिवाज परम्परा अग्र स्थानमा रहेको समेत बताउँदै सबै जना यस लाइ संरक्षण प्रवर्द्धन गर्नुपर्नेमा प्रतिबद्ध हुन आग्रह गरे । कार्यक्रममा मातृ संस्थाहरूबाट आ-आफ्नै मौलिक भेसभुसामा विभिन्न झाँकीहरु प्रस्तुत गरिएको थियो ।

ब्यानर उद्घाटन, दीप प्रज्वलनसहित औपचारिकरूपमा सुचारु गरिएको कार्यक्रममा मातृ संस्थाहरूका कलाकारहरूले मौलिक भेषभुषामा सजिँदै स्वागत नृत्य राखेका थिए । एनसीसी कतारको सन् २०२१/२३ कार्यकालको कार्यसमितिमा रहेर जनजातिहरूको भाषा, धर्म, संस्कार संस्कृतिको संरक्षणप्रति प्रशंसनीय भूमिका निभाएकोप्रति उच्च कदर गर्दै कदरपत्रद्वारा सम्मान गरिएको छ । सम्मानित हुनेहरूमा उक्त कार्यकालका प्रथम उपाध्यक्ष जैबि चाम्लिङ राई, सचिव रबिन थापा मगर, महिला संयोजक नानु घले, सांस्कृतिक संयोजक शामुयल सुनुवार र सदस्यद्धय नवाङ फुरी शेर्पा र खड्ग फागो रहेका छन्।

कार्यक्रममा एनसीसी कतारका प्रथम उपाध्यक्ष कृष्ण पन्थीलगायत कतारमा स्थापित वैचारिक, सामुदायिक, सामाजिक, सांगीतिकलगायत विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिको आतिथ्यतासहित मन्तव्य मार्फत शुभकामना व्यक्त गरेका थिए ।

संस्थाका वरिष्ठ उपाध्यक्ष भाइकाजी गुरुङले स्वागत मन्तव्य राख्दै कार्यक्रमका बारेमा प्रष्ट्याएका थिए । महासचिव धिरेन तामाङले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति मगरले महासंघ कतारलाई अझै सक्रियरूपमा अघि बढाउन कटिबद्ध भएर लागि पर्ने प्रतिबद्धताका साथ कार्यक्रम सम्पन्न गर्न खट्ने सबैलाई धन्यवाद दिँदै कार्यक्रमको समापन गरेका थिए ।

विश्व आदिवासी दिवस प्रत्येक वर्ष अगष्ट महिनाको ९ तारिखमा मनाइन्छ । संयुक्त राष्ट्रसंघले सन् १९९३ लाई विश्व आदिवासी वर्षका रूपमा घोषित गरेपछि सोही वर्षदेखि प्रत्येक वर्ष यो दिवस मनाउन थालिएको हो । नेपाल आदिवासी जनजाति महासंघ कतारमा नेपाल मगर संघ,किरात याक्थुङ चुम्लुङ, तमु (गुरुङ) समाज, किरात राई यायोक्खा, नेपाल प्रवासी तामाङ समाज कतार, थारु कल्याणकारिणी सभा, सुनुवार सेवा समाज, प्रवासी भुजेल समाज, नेवा पुचः माझी सेवा समाज, नेपाली धानुक समाज, शेर्पा किदुंग, प्रवासी दनुवार संगठन, ताजपुरिया समाज कल्याण परिषद् गरी १४ मातृ संस्थाहरू रहेका छन् ।

# प्रस्तावित शिक्षा विधेयकविरुद्ध आन्दोलन जारी रहने

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २७ साउन




सरकारले तत्काल प्रस्तावित संघीय शिक्षा विधेयक अघि बढाउने अडान छाडेपनि निजी विद्यालयका संगठनले विद्यालय बन्द कार्यक्रम फिर्ता लिएपनि अन्य आन्दोलनलाई भने जारी राख्ने भएका छन्। निजी विद्यालय संगठनले सामुदायिक विद्यालयका विभिन्न पेशागत संगठनसँग सहकार्य गरी आन्दोलन अघि बढाउने भएका छन्। प्याब्सनका केन्द्रीय सल्लाहकार हिरा चन्दले विद्यालय बन्द कार्यक्रम फिर्ता भएपनि आन्दोलनका अन्य कार्यक्रम सामुदायिक विद्यालयका संगठनसँग संयुक्त रुपमा गरिने बताए ।

'सरकार अहिले टेबुल नगरी पछि हटेको छ, यस्तो अवस्थामा साउन २८ गतेदेखि गर्ने भनिएको विद्यालय बन्दको कार्यक्रम मात्रै फिर्ता लिइएको हो' प्याब्सन, एन प्याब्सन र हिसानले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रममा उनले भने,' यो विधेयक हामी निजी विद्यालयलाई मात्रै कसैको पनि पक्षमा छैन, त्यसैले तपाई हामी सबै सहकार्य समन्वय गरी विधेयकविरुद्ध आन्दोलन जारी राख्छौं ।' प्रस्तावित विधेयकमा राखिएको संस्थागत विद्यालयलाई पाँच वर्षभित्र शैक्षिक गुठीमा हस्तान्तरण प्रावधानले निजी विद्यालय आक्रोशित भएका छन् । विधेयक विरुद्ध साउन २८ गतेदेखिद विद्यालय बन्दको घोषणा गरिएको थियो ।

निजी विद्यालयका तीन संगठनले गरेको कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधि र शिक्षक संगठनका प्रतिनिधिले विधेयको गलत प्रावधान सच्याउनु पर्नेमा जोड दिए । सामुदायिक विद्यालयका शिक्षक संगठनका अगुवाले विधेयक शिक्षकहरुको हकहितलाई ध्यान दिने नसकेकोमा असन्तुष्टि पोखे । कांग्रेस कञ्चनपुरका सहसचिव नाफू सिंह साउँद, राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी मल्ल र राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति पदम सिंह विष्टले सरकारले शैक्षिक क्षेत्रका सम्पूर्ण समस्या सम्बोधन हुने गरी विधेयक ल्याउनुपर्नेमा जोड दिए ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय सदस्य भवानी चन्द ठकुरीले प्रस्तावित विधेयकमा गलत नियतवश अपाच्य प्रावधान राखिएकाले ऐन बनेर आउन नसक्ने ठोकुवा गरे ।

'हामी पनि विरोध गरी रहेका छौं, तपाईहरु पनि विरोध हुनुहुन्छ, यो राम्रो नियतले ल्याउन खोजिएको छैन' उनले भने,'त्यसैले यो ऐन आउँछ जस्तो लाग्दैन ।' अखिल नेपाल शिक्षक संगठन कञ्चनपुरका अध्यक्ष ओमप्रकाश जोशीले प्रस्वावित शिक्षा विधेयक कसैको पनि पक्षमा नभएकाले संशोधन हुनुपर्ने बताए ।

नेपाल शिक्षक संघ कञ्चनपुरका सचिव विष्णुदत्त जोशीले सबै शिक्षकको हितका लागि विधेयक संशोधन हुनुपर्नेमा जोड दिए। 'बाढी पीडितलाई राहत दिइन्छ, आगलागी पीडितलाई राहत दिइन्छ, यहाँ शिक्षक नै राहतका छन्, शिक्षकलाई राहत चाहिँदैन,'उनले भने,'पेटमा लात हानेर क्वालिटी शिक्षा दिन सकिँदैन ।'

कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठन कञ्चनपुरका सचिव उत्तम विष्ट, एकीकृत अखिल नेपाल शिक्षक संगठनका उपाध्यक्ष डम्बरदत्त जोशी, राहत शिक्षक संघर्ष समितिका संयोजक लवदेव अवस्थी, बाल विकासका रमा उपाध्यय, विद्यालय कर्मचारी परिषद्का सचिव महानन्द पाण्डेय लगायतले आ-आफ्नो धारणा राखे ।

प्याब्सनका अध्यक्ष अमराज भट्टको अध्यक्षतामा गरिएको कार्यक्रममा एन प्याब्सन केन्द्रीय उपाध्यक्ष श्याम सिंह मौनीले कार्यक्रमको औचित्यमाथि प्रकाश पारे। एन प्याब्सन जिल्ला अध्यक्ष झंकरराज जोशीले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्याब्सनका सचिव राकेश बहादुर चन्दले गरेका थिए ।

## सुर्खेत डायरी
कुलेन्द्र शाही/मध्यान्ह

# 'ललिता निवास प्रकरणको छानबिनमा सहयोग गर्न तयार छु'



पूर्वप्रधानमन्त्री एवम् नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईले ललिता निवास जग्गा प्रकरणको छानबिनका लागि सघाउन आफू तयार रहेको बताएका छन् । शनिबार समाजवादी पार्टीले वीरेन्द्रनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले ललिता निवास जग्गा प्रकरणमा आफू प्रधानमन्त्री हुँदा आफूले सानो अंशमा केही निर्णय गरेको र त्यसको छानबिनका लागि सघाउन तयार रहेको बताएका हुन् ।

उनले अहिले सत्तामा भएका नेताहरु जनताको हितमा नभइ कुर्सी बचाउने खेलमा लागेको आरोप समेत लगाए । डा. भट्टराईले गणतन्त्र आएपछि भ्रष्टचार घट्नुपर्नेमा झन भ्रष्टचार बढ्दै गएको टिप्पणाी गरे ।

साथै उनले अख्तियार निकै कमजोर भएको समेत जिकिर गरे। उनले भने, 'अहिले देखिएका भ्रष्टाचार त छँदै छन्, तीबाहेक अरुपनि भ्रष्टाचार होलान, सबैको छानबिन हुनुपर्छ ।'

डा. भट्टराईले कुनै पनि दलको बहुमत नरहेकाले सत्ता गठबन्धन परिवर्तन भइरहने बताए । 'कुनै दलसँग बहुमत छैन । चाहयो भने सत्ता गठबन्धन जतिबेला पनि परिवर्तन हुनसक्छ। त्यसैले यो निर्वाचन प्रणाली नै बदल्नुपर्छ,' उनले भने ।

# जेब्राक्रसिङ नै बने पार्किङ स्थल



गत असार २२ गते सुर्खेतको मुख्य बजार पिपलचौतारीमा पैदल यात्रुले बाटो पार गर्ने ठाउँ (जेब्रा क्रसिङ) मा सरकारी गाडी पार्किङ गरिएको थियो । नयाँ सडक बनेपछि सुर्खेतमा ट्राफिक संकेतहरू बनाइए पनि सरकारी गाडीले नै नियम पालना नगरेको भन्दै सामाजिक सञ्जालमा निकै आलोचना भएको थियो ।

सरकारी गाडी चालकले जेब्रा क्रसिङमा पाकिङ गर्न हुन्न भन्ने सामान्य कुरासमेत ख्याल नगरेको उक्त घटना सामाजिक सञ्जालमा 'ट्रोल' भएको थियो । भे १ झ २५६ नम्बर प्लेट भएको सरकारी जीप जेब्रा क्रसिङमा पार्किङ गरेर राखिएपछि पैदल यात्रीहरु छक्क परेका थिए । ट्राफिक प्रहरीले जथाभावी पार्किङ गरेर राख्ने र नियम उल्लंघन गर्ने सवारी साधनलाई जरिवाना तिराउने गरेका छन् ।

तर सुर्खेतमा ट्राफिक नियमका बारेमा धेरै जानकारी नपाएका मानिसहरु भएकाले स्थानीय सरकार र प्रहरीले यसको पूर्ण कार्यान्वयन गराउन धेरे चासो दिएको पाइँदैन । यसरी सरकारी सवारी साधन नै जेब्रा क्रसिङमा पार्किङ गर्दा पनि नियन्त्रण गर्न नसक्नुमा ट्राफिक प्रहरीको गम्भीर लापरबाही देखिएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले मध्यान्ह दैनिकलाई उपलब्ध गराएको तथ्यांकअनुसार वीरेन्द्रनगरमा बनेका नयाँ सडकमा मात्रै ४६ वटा जेब्रा क्रसिङ रहेका छन् । जिल्ला ट्राफिकले सर्वसाधारणलाई हिँडडुल गर्न सहज होस भन्ने उद्देश्यले जेब्रा क्रसिङ बनाउने गरेको छ । तर ती बनाइएका लगभग सबै जेब्राक्रसिङ उपयोगविहीन भएका छन् । कतिपय ठाउँमा त सरकारीदेखि निजी सवारी साधन पार्किङ स्थल बनेका छन् ।

वीरेन्द्रनगरका जेब्राक्रसिङमा रङ्गरोगन गरेर टाढैबाट प्रष्ट देखिने गरी चिरीच्याट्ट बनाइएको छ । तर ती जेब्राक्रसिङबाट यात्रुले सडक पार गर्ने गरेको देखिँदैन । चोक चोकमा जेब्रा क्रसिङ छन्, तर जेब्रा क्रसिङमै सवारी साधनहरु पार्किङ गरिएको हुन्छ। त्यसतर्फ ट्राफिक प्रहरीको ध्यान जान सकेको छैन ।

जेब्राक्रसिङ भनेको पैदल यात्रुहरुलाई सहजरुपमा बाटो काट्नका लागि छुट्याइएको स्थल हो भन्ने सामान्य ज्ञान पैदल यात्रुलाई छैन । जेब्राक्रसिङबाट पैदल यात्रुले सडक पार गदै 'गर्दा सवारी चालकहरुले गाडी कम गतीमा चलाउने र सवारी साधनहरु रोकेर पैदल यात्रुलाई बाटो पार गर्न प्राथमिकता दिनुपर्ने हुन्छ । तर सवारी चालकहरुले यो विषय हेक्का नराख्दा खासगरी अपाङ्गता भएका व्यक्ति, वृद्ध, महिला तथा बालबालिकाहरु समस्यामा पर्ने गरेका छन् ।

पैदल यात्रुहरुलाई नै जेब्राक्रसिङबाट किन बाटो काट्नुपर्छ, नकाटे के हुन्छ भन्ने सामान्य ज्ञान छैन । जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रमुख देवेन्द्र बुढाथोकीले सर्वसाधारणहरुलाई सडक वारपार गर्न बनाइएको जेब्राक्रस चिह्नको बारेमा धेरै जसो नागरिक र चालकसमेत अनभिज्ञ भएको बताए । उनले जेब्राक्रस चिह्नको महत्वका बारेमा जानकारी नहुँदा अधिकांश पैदलयात्री र चालकहरुले जथाभावी सडक वारपार गर्ने र जेब्राक्रसिङमै पार्किङ गर्ने गरेको बताए । उनले पछिल्लो समय जेब्रा क्रसिङमा पार्किङ गर्नेको संख्या भने घटेको, तर सडक काट्नेको संख्या भने नघटेको बताए । उनले जेब्रा क्रसिङबारे विभिन्न जनचेतनामूलक कार्यक्रम गरे पनि नागरिकहरुले जेब्राक्रसिङको महत्वबारेमा ध्यान नदिएको बताए । ट्राफिक प्रहरीले समय-समयमा ट्राफिक नियमको बारेमा जानकारी दिए पनि धेरैजसोलाई जानकारी नभएको उनको भनाइ छ ।

# नवजात शिशुसहित जेल जीवन बिताउँदै महतो

**रामएकवाल राम/मध्यान्ह**
सिराह, २७ साउन



सिराहको गोलबजार नगरपालिका वडा नं. ४ की संगिता कुमारी महतो नवजात शिशुसहित जेल जीवन बिताइ रहेकी छिन् ।

आर्थिक स्थिति कमजोर भएकी महतोको श्रीमानलाई साहु महाजनहरुले मानसिक तनाव दिन थालेपछि श्रीमानको बेइजती देख्न नसकी उनले जनता बैंक लिमिटेड गोलबजार शाखामा रहेको उनको नामको खाता नं. १०९१०४०५३२०२८०१ मा साहुले भुक्तानी पाउने गरी मिति २०७६/६/१० मा रु.५ लाख ५० हजारको चेक नं.०७०६४९७९ को चेक साहुलाई दिएकी थिइन् । तर चेक अनुसारको रकम खातामा नभएपछि उनलाई बैंकिङ कसुर मुद्दामा गोलबजार नगरपालिका वडा नं. ४ का राम भजन महतोले बादी भइ मुद्दा दायर गरेका थिए । उच्च अदालत जनकपुर संयुक्त वाणिज्य इजलास, इजलास नं. ५ मुद्दा नं. ०७७- सिबी-०००१ निर्णय नं.७ अनुसार महतोले सिन्धुली कारागारमा जेल जीवन बिताउँदै आएकी छिन् ।

यता श्रीमान दुखी महतोले भने तीन जना मिलेर श्रीमतीलाई फसाएको बताए । पत्रकारहरुसँग कुरा गर्दै उनले भने, 'साहु महाजनहरुले मलाई मानसिक तनाव दिन थाले । श्रीमतीले चेक दिइन् । त्यहाँ प्रयाप्त रकम नहुँदा उनीहरुले षड्यन्त्रपूर्वक मुद्दा दायर गरेर फसाए । अहिले नवजात शिशुसहित श्रीमती जेलमै छन् । हाम्रो पक्षमा बोल्ने कोही भएन ।'



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२८ साउन २०८०, आइतबार
13 August 2023, Sunday

## सम्पादकीय

### आशंकालाई पुगेको बल

प्रतिनिधिसभा सदस्य सुनिल शर्माको शैक्षिक प्रमाणपत्रप्रति आशंका गरेर प्रहरीले नियन्त्रण उनलाई नियन्त्रणमा लिएको थियो । तर पक्राउ परेको भोलिपल्टै, शुक्रबार जिल्ला अदालत काठमाडौंले धरौटीमा छोड्न आदेश दियो । सांसद शर्मा पक्राउ परेपछि प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसको संसदीय दलको बैठक बसेको थियो । त्यो बैठकमा सांसदहरूले सरकारले आफ्ना सांसद शर्मालाई नियन्त्रणमा लिनु उचित नभएको तर्क गरे । कतिपयले कांग्रेस सांसद शर्मा पक्राउ परेपछि बसेको कांग्रेस बैठकले अहिलेको सत्ता गठबन्धनबारे समेत निर्णय गर्न सक्ने अनुमान गरेका थिए । तर जिल्ला अदालत काठमाडौले धरौटीमा छोड्न तत्काल आदेश दिएपछि त्यो आशंका घटेको छ । यद्यपि आशंका कायमै छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सांसद शर्मा पक्राउप्रति आपत्ति जनाएको थियो ।

त्यसैपनि एमालेले सरकारको कामकार्बाहीप्रति अविश्वास गरिरहेको छ । गत २ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार कटिसकेको अवस्थामा एक क्विन्टल सुन बरामद भएको विषयलाई लिएर एमालेले सांसद अवरोध गरिरहेको छ । एमालेले यो प्रकरणमा गृहमन्त्री र अर्थमन्त्रीमाथि समेत अनुसन्धानको माग सहित उच्च स्तरीय छानबीन समिति बनाउनुपर्ने अडान लिइरहेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवाले संसद् अवरोध खुलाउन गरेको प्रस्ताव समेत एमालेले मानिरहेको छैन । एमालेकै अडानसँग मिल्दो तर्क कांग्रेस सांसद् शर्माले गरेका थिए । संसद् बैठकबाटै सांसद शर्माले गृहमन्त्री र अर्थमन्त्रीको राजीनामा मागेका थिए । तिनै शर्मालाई पुरानो मुद्दा ब्युताएर पक्राउ गरिएको तर्क एमाले नेताहरूले गरिरहेका छन् ।

शर्मालाई पक्राउ गरिएपछि कांग्रेसभित्रै पनि सरकारी कदमप्रति आलोचना बढेको छ । त्यसैपनि सरकारको नीति तथा कार्यक्रम र बजेट समेत संसद्को मत विभाजनबाट पारित गराउनु परेको थियो । तर नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा हिनामिना, अवैध सुन बरामद जस्ता कदम चालेर चर्चा बटुलिरहेको सरकारप्रति विपक्षीको आशंका लगातार चलिरहेको छ । त्यही आशंकालाई बल पुग्नेगरी सरकारले सांसद शर्मालाई नियन्त्रणमा लियो । तर अदालतले शर्मालाई तारिखमा लिएर अनुसन्धान गर्न सकिने तर्क गरेको छ । अदालतको आदेशपछि कतिपय सांसदहरूले शर्मालाई नियन्त्रणमा नलिए मुद्दा प्रभावित हुने संभावना नरहेकाले पनि सरकारको निर्णयलाई आग्रहपूर्ण मानिरहेको छ । अर्थात् सरकारले गरिरहेको ठूला मुद्दामाथिको छानबीनलाई आशंकातिर धकेल्ने काम सरकारले गरेको छ । यस्तो बेला सरकारले लिनुपर्ने सुझाव भनेको कुनैपनि मुद्दा निष्पक्ष गरिनुपर्छ र त्यसप्रति विश्वासको बातावरण सिर्जना गर्न आवश्यक छ ।

# मर्मलाई बिर्सिएको लोकतन्त्र

*भुइँ मान्छेहरूले लडेर ल्याएको लोकतन्त्रमा के देशको अनुहार साँच्चै बद्लियो त ? नागरिकले विश्वास गरेर सुम्पिएका पल्लवित सपनाहरू राजनीतिक दल र नेताहरूले पूरा गर्दै छन् त ?*

अग्रलेख



● सुरेश भट्ट

नेपाल र नेपालीको मुहार फेर्ने संकल्प बोकेर १९ दिने जनन्दोलनमा राजधानी काठमाडौंको बालाजु चोकमा उर्लिएको मानव सागरको बिचौंबिच म पनि यौटा योद्धा बनेर उभिए । निरंकुश राजतन्त्रले खोसिदिएको जनताको वैयत्तिक वाक स्वतन्त्रता, सार्वभौमिकता र मौलिक हक आदि जस्ता नैसर्गिक अधिकार प्राप्तिका लागि नेपाल प्रहरीबाट प्रहार भएको लाठी वर्षा टाउकोमा थापेर हिंड्यौं । जसको कारणले राजा ज्ञानेन्द्र शाहले घुँडा टेकेका थिए । र, देशमा लोकतन्त्र आएको थियो । शासन व्यवस्था र शासकहरू दुवैको चरित्र फेरेर लोकको जीवन उजिल्याउने अभिलाषाका साथ आजको संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल ल्याउने २० जनाले जीवन बलिदान दिएका थिए, कति त अहिले पनि घाइते छन् ।

म जस्तै चप्पल लगाएका भुइँमान्छेहरू, घरघरबाट आमा-दिदीबहिनीहरू सडक-चोकमा ओर्लिएर ल्याएको यस लोकतन्त्रमा के देशको अनुहार साँच्चै बद्लियो त ? हामी नागरिकले विश्वास गरेर सुम्पिएका पल्लवित सपनाहरू राजनीतिक दल र नेताहरूले पूरा गर्दै छन् त ? यस्ता प्रश्नहरूको जवाफ दिने नेताहरूले जनआन्दोलनको जगमा बाँचेका आजको जीवन र चप्पल लगाएका १९ दिने जनआन्दोलनमा होमीएका भुइँमान्छेहरूको जीवनको फरक छुट्याउने विधि लोकतन्त्र नै आज खतरान्मुख र अलोकतान्त्रिक दिशामा छ ।

यसबीच देशमा केही युगीन परिवर्तन नभएका होइनन् । मुलुकमा विस्तृत शान्ति सम्झौता भयो । माओवादीहरू शान्तिपूर्ण प्रतिस्पर्धात्मक राजनीतिको मूलधारमा आए । राजतन्त्र अन्त्य भई, देशमा गणतन्त्र आयो । जननिर्वाचित संविधानसभाले संविधान बनायो । देश संघीयतामा गयो । शासन-प्रशासनका अङ्ग तथा निकायहरू समावेशी बनाइए । राज्य धर्मनिरपेक्ष बन्यो । माओवादी लडाकु राष्ट्रिय सेनामा समायोजन भए । स्थानीय तहमा निर्वाचन भएर सरकार

बन्यो । संघ, प्रदेशमा पनि निर्वाचनपछि सरकार बनिसक्यो । तथापी, यी सबै परिवर्तन तबसम्म सार्थक हुँदैनन्, जबसम्म आम जनताको जीवनसित जोडिँदैनन् र, सर्वसाधारणले वास्तविकरूपमा आफू रैतीभन्दा माथि उक्लिएर नागरिक भएको अनुभूति गर्दैनन् । लोकतन्त्र आएको यो डेढ दशकमा दलहरूले खोलो तरिसकेपछि लौरो बिर्सिसकेका छन् । व्यवस्था बदलिए पनि शासकहरूको चरित्र फेरिएको छैन । देहातको गाउँमा बिजुलीवत्ती पुगेको छैन । सर्वसाधारणको जीवनमा कुनै फेरबदल आएको छैन । हिजोका ०६२/६३को जनआन्दोलनका दीनहीनहरूको हालत अहिले पनि उस्तै जिउँका तिउँ छ । समस्या पर्दा नागरिक कसैलाई सरकार र राजनीतिक दलको आडभरोसा मिल्दैन । मिटरब्याज पीडितहरुको समस्याले देखाइसक्यो । नागरिकस्तरको निकै ठूलो दबाबपछि बल्ल सरकारले सडकपेटीमा आन्दोलनरत मिटरब्याजी पीडितहरुको सम्बोधनका लागि विधेयक पारित गऱ्यो ।

लोकतान्त्रिक व्यवस्थामा नागरिकले आफ्नो अधिकारका लागि राज्यसत्तासँग लड्नै पर्ने अवस्थाले पनि शासकहरूको मूल चरित्र लोकतान्त्रिक नभइ शाहतन्त्र जस्तै रहेको प्रमाणित हुन्छ । २०५१ सालपछिका परिदृश्यभन्दा उदेकलाग्दा भेटिन्छन् नेताहरूको चरित्र, लोकमानसिंह कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख बनाइएको घटना होस् या तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीमाथि लगाउन खोजिएको महाअभियोग या एकपछि अर्को गरी दोहोरिरहेका ठूल्ठूला भ्रष्टाचार, सुन र आपराधिक क्रियाकलापमा बदनाम ल्हारक्याल लामालाई सरकारले लुम्बिनी विकास कोषको उपाध्यक्ष नियुक्त गरेको काण्डहरू, यी सबै हाम्रा दलहरूको खास चरित्र उस्तै रहेका दृष्टान्त हुन् ।

मुलुकमा निरंकुश राजतन्त्र अन्त्य भएपनि लोकतन्त्रको आवरणमा




> *लोकको जित नभएको शासन व्यवस्था लोकतन्त्र हुँदैन । यस्तो जटिल अवस्थामा आजको दिनमा सबै दल तथा तिनका नेताहरुले आफू सच्चिने प्रण गर्नैपर्छ । भोलि आफैंलाई महँगो पर्नेगरी लोकलाई हार्न दिनु हुँदैन ।*

दलैपिच्छे अनेकौं नयाँ राजा देखिएको जनगुनासो छ । नेता तथा शासकहरूको जीवनशैली असुहाउँदो विलासी छ । सरकार आलोचनाको स्वर सुन्नै सक्दैन । संवैधानिक मर्मविपरीत हुने गरी मिडिया र सञ्चारसम्बन्धी विधेयकहरू संसद्मा पुऱ्याइएका छन् । गीत गाएको, व्यंग्य गरेकै भरमा कलाकारहरू थुनिएका छन् । कतिले सत्तारूढ दलका कार्यकर्ताको धम्की खेप्नुपरेको छ । घरीघरी प्रहरीराजको झल्को आउँछ, लोकतन्त्रको मेरूदण्ड विधिको शासन कतै गायब छ ।

सेवाको लागि ढोकाहरूमा उभिने कर्मचारीतन्त्रको क्रियाकलापहरूको लेखाजोखा गरी आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउनुपर्ने संवैधानिक अंगहरू लोकतन्त्रको मर्मअनुकूल बलिया छैनन् । जताततै सरकार र दलको छाँया छ । त्यसैले लोकतन्त्र दलतन्त्रमा बदलिएको बुझिन्छ ।

लोकप्रियतावादः वर्तमान राजनीतिप्रति ५० को दशकमा जस्तै गरी फेरि आम निराशा छाउँदै छ । कारण, सबै दलका नेताहरूमा लोकलाज भन्ने चीज बिस्तारै हराउँदै छ । सत्तारूढ दलप्रति जनगुनासो हुनुसम्म स्वभाविकै मानिएला, यहाँ त संसद्मा बायाँतर्फ बस्ने वैकल्पिक भनिनेहरूप्रति पनि नागरिकको विश्वास खस्किँदै गएको देखिन्छ । शासकहरूको दम्भविरुद्ध रचनात्मक राजनीति गर्नुपर्ने प्रतिपक्षी दलको नेतृत्व उल्टै सत्तासँग भाग खोजिरहेको छ । र, 'लहरो तान्दा पहरो गर्जिएला' भनेर सत्तालाई जायज प्रश्न गर्न पनि सधैं डराइरहेको छ । लोकप्रिय मतबाट निर्वाचित सार्वभौम जनताका प्रतिनिधि सांसदहरू 'भाइरल' हुने लोभमा तत्काल कार्यान्वयन गर्न असम्भव, तथ्यका दृष्टिले अपुष्ट र शैलीगतरूपमा पनि उत्तेजक र अस्वाभाविक भाषा प्रयोग गरिरहेका हुन्छन् ।

राजनीतिक लोकप्रियतावादको हावाबाट सबैभन्दा बढी मध्यमवर्गीय चरित्र प्रभावित हुने गर्दछ । स्वार्थी, महत्वाकांक्षीहरू मात्र होइन, राजनीतिमा न्यून चेतनास्तर भएका मानिसहरूको ठूलो भीड पपुलिजमको कित्तामा जाने सम्भावना रहन्छ । उनीहरूले बनाएको त्यो चक्रब्यूहमा सबैभन्दा पहिले जनताको स्वतन्त्रतालाई फाँसीमा चढाउन थालिन्छ । सकारात्मक परिवर्तनका लागि भएका उपलब्धिलाई समाप्त गरेर जनताका समर्थन प्राप्त गरेका बढी खराब तत्वहरू शक्ति सम्पन्न हुन्छन् । अनि उदेकलाग्दो, संसार बदल्न हिँडेको नेता आफैं बदलिसकेको हुन्छ, नेपाली राजनीतिको परम्परागत चरित्रभित्र आफूलाई विलय गराइसकेको देखिन्छ ।

हामीले चाहेको लोकतन्त्र बिलकुलै यस्तो होइन, जहाँ दल र नेताहरूले मात्रै जितिरहुन् र नागरिकले सधैं हारून् । लोकको जित नभएको शासन व्यवस्था लोकतन्त्र हुँदैन । यस्तो जटिल अवस्थामा आजको दिनमा सबै दल तथा तिनका नेताहरूले आफू सच्चिने प्रण गर्नैपर्छ । जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्दै नागरिकलाई केन्द्रमा राखेर संस्था तथा प्रणालीहरू बलियो बनाउँदै लानुपर्छ । भोलि आफैंलाई महँगो पर्नेगरी लोकलाई हार्न दिनु हुँदैन ।

भारतमा हिन्दु धर्मको समर्थन र मुसलमानको विरोधका भावनाहरूलाई उभारेर भारतीय जनता पार्टीले चुनावमा बारम्बार सफलता प्राप्त गर्दै आएको छ । यस सन्दर्भमा नेपालमा केही यस्ता उदाहरणहरूको चर्चा गर्नु अप्रासाङ्गिक हुने छैन । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटेर नेपालको नक्सा सार्वजनिक गरे । जनताले उनको खुलेरै प्रशंसा गरे । उनले पनि त्यसैको आडमा जनभावनाहरूलाई उभारेर शक्ति कायम गरे तर, यता लिपुलेकमा भारतबाट सिधै मानसरोवर जोड्ने मोटरबाटो महिनौ लगाएर बनाएको खबरसँग लाचारी प्रस्तुत गरे, भारतीय पक्षले लिपुलेकमा सडक उद्घाटन गरिसक्दा पनि चुँ नबोल्नु भनेको फगतको खोक्रो राष्ट्रवादको लोकप्रियताभन्दा केही होइन ।

आजको स्थितिमा नेपाली राजनीति भारतीय एजेन्टको 'म्याच फिक्सिङ्ग'मा चलिरहेको देखिन्छ । इतिहासदेखि नै नेपाली कांग्रेस भारतसँगको निकटतम सम्बन्धका कारण सत्ताको रसपान गर्दै आएको कुरासँग नेपाली जनता बेखबर छैनन् चाहे त्यो नेपाली राजनीतिका तमाम लोकतन्त्रवादी शक्तिहरुलाई गोलबद्ध गर्दै एक गराउने अन्तर्निहित स्वार्थ होस् या तत्कालीन प्रधानमन्त्री केपी शर्मा र अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहितको नेपाल कम्युनिष्ट पार्टीको एकता होस्, यी सबैखाले कार्यमा विदेशी शक्ति केन्द्रले षड्यन्त्रको सिद्धान्तमा उग्र र खोक्रो नक्कली राष्ट्रवादलाई टेवा पुऱ्याउँदै सक्कली लोकतान्त्रिक राष्ट्रवादी शक्तिलाई छिन्न-भिन्नको अवस्थामा पुऱ्याउने काम गरेको छ ।

फेरि पनि अन्तर्राष्ट्रिय शक्तिका उही खेल र उही पासामा नयाँ आवरणमा नेपाली जनतालाई बेवकुफ बनाउने र आफ्नो कुकृत्य र कुर्सी जोगाउन महाप्रभुहरुको सेवामा देशलाई किस्ता-किस्तामा भेटी चढाउने अनि दोष व्यवस्थाको थाप्लोमा थुपारी लम्पसारवादको छद्मभेषी मुखुण्डो कतिञ्जेल टिकाउने ?

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

संसदको गरिमामय सार्वभौम र सर्वोच्च छ तर, सांसदको भूमिका नुन दिने बेलामा भैंडाबाखाको बथान दौडिए झैं दौडिन्छ । नक्कली भेषमा सांसदहरु आफ्नो सक्कली अनुहार प्रदर्शन गर्दैछन् । महिनौंसम्म गरिएको संसद अवरुद्धलाई छोडी खुल्ला बहस र संवाद गरौं । संसदमा लोकतान्त्रिक आचरण देखाऊ ।



**- विश्वरसिंह मेवाहाङ**

सुनिल शर्माको नक्कली सर्टिफिकेटको काण्ड आजको होइन, यदि उनलाई राजनीतिक संरक्षण नभइदिएको भए आजभन्दा दस वर्षअघि उनी जेलको बासिन्दा भइसक्थे । यसले के देखाउँछ भने यो देशमा राजनीतिक संरक्षण छ भने भुसुना पनि पक्राउ पर्दैन, राजनीतिक संरक्षण छैन भने स्वयम् भगवान पनि पक्राउ पर्न सक्छ ।



**- अर्जुननरसिंह केसी**

"प्रस्तावित शिक्षा ऐन नक्कली पाइयो, सच्याएर सदनमा पेस गर्दैछौं" भन्ने प्रधानमन्त्रीको भनाइले मन्त्रिपरिषद्को गम्भीर त्रुटि र गैह्रजिम्मेवारीपन देखियो । यसको छानबिन हुनुपर्छ । आठ वर्षपछि बल्ल-बल्ल आएको यो ऐन सबै पक्ष वा सरोकारवालाहरुसँग गम्भीर छलफल गरी निजी क्षेत्रलाई नियोजित गर्ने होइन कडा नियमन गर्ने उद्देश्य लिइनु पर्छ ।



**- बद्रि बिनोद खनाल**

यो सिआइबीले फोहोर उदिनेर छोडने मात्रै हो कि सफाई गरेर छोड्छ भन्या ? मलाई त शंका लाग्न थाल्यो यसले त गुहूको थुप्रो उधिन्दै छोडदै गरे जस्तो पो लाग्यो, नाकमुख छोपेर हिडनमात्र लगाएको छ के भएको हो ? नक्कली भुटानी के भए ? लतिता निवास कस्ले रोक्यो ? सुन तस्कर काहा पुगे ? फेरि नक्कली सर्टिफिकेट ?

## तपाईंको राशिफल

मेष : व्यापारिक कार्यमा प्रगति हुनेछ । प्रभाव बढ्नेछ ।

वृष : पारिवारिक सहयोग राम्रो पाइनेछ । जोखिम भएको कार्य गर्नु हुँदैन ।

मिथुन : सभा समारोहमा सहभागी हुनुपर्नेछ । नयाँ सम्बन्ध बन्नेछ ।

कर्कट : भाई-बहिनीको सहयोग प्राप्त हुनेछ । अनावश्यक खर्चको योग छ ।

सिंह : वाहन चलाउँदा सावधानी राख्नुपर्छ । स्वास्थ्य लाभ हुनेछ ।

कन्या : घरेलू कार्यमा अनावश्यक खर्चको योग छ । पुरानो कार्य बन्नेछ ।

तुला : जिद्दि स्वभावमा वृद्धि हुनेछ । अशान्तिको कारण तनाव हुनेछ ।

वृश्चिक : लामो यात्राको योग छ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।

धनु : नौलो मित्र बन्नेछन् । मनोबल उच्च रहनेछ ।

मकर : यात्रा सफल हुने योग छ । सभा समारोहमा सहभागी हुनुपर्नेछ ।

कुम्भ : स्थान परिवर्तन हुने योग छ । शत्रु परास्त हुनेछन् ।

मीन : अनावश्यक कार्यमा समय नष्ट हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# संसदमा 'भद्दा' मजाक

विचार



● दिनेश अर्याल

> *राजनीतिक दलहरुको पुरानो र गलत प्रवृति सच्चिएको छैन । जसको प्रभाव आज संसदमा देखिएको छ । निहित राजनीतिक स्वार्थका आधारमा संसदलाई बन्धक बनाइएको छ र जनताका सवालमाथि बहस गर्न बन्देज लगाइएको छ । संसदमा जुन खालको नाटक मञ्चन भइरहेको छ, यसले संसद र स्वयं राजनीतिक दलहरुलाई नै पनि मजाक बनाइरहेको देखिन्छ ।*

संसद जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्वपूर्ण संस्था हो । शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माण गर्ने जस्तो महत्वपूर्ण कार्य यसले सुनिश्चित गर्दछ । देशमा प्रत्यक्ष तर्फबाट निर्वाचित भएका १६५ र समानुपातिकबाट ११० गरेर प्रतिनिधिसभामा जम्मा २७५ सांसदहरु रहेका छन् ।

संसदको काम भनेको मानवीय व्यवहारलाई नियन्त्रण, नियमन र व्यवस्थापन गर्नका लागि नभई नहुने महत्वपूर्ण तथा अपरिहार्य कानुन बनाउने हो । सामाजिक परिवर्तन र विकासको व्यवस्थापन, राज्य संयन्त्रको प्रभावकारी परिचालन, लोककल्याणकारी व्यवस्था अभिवृद्धि गर्नु समग्रमा सुशासन प्रवर्द्धन गराउनका लागि एउटा मार्गप्रदर्शन थलो तथा जनताको सर्वोच्च अंग प्रतिनिधिसभामाथि सांसदहरुको मजाक दिनप्रतिदिन बढ्दै गइरहेको छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको अवरोधका कारण लगातार सातौं पटक संसद अवरुद्ध भएको छ । राजनीतिक स्वार्थमा केन्द्रीत रहने पुरानै अभ्यासका कारण देशमा सत्तापक्ष र प्रतिपक्षबीच सुन तस्करी प्रकरणमा छानबिन समिति बनाउने विषयको बहाना बनाएर जनताको सर्वोच्च थलो प्रतिनिधिसभा बन्धक बनाइएको छ । यो एकदमै संवेदनशील र बहस जरुरी रहेको विषय हो ।

नेपालमा विकृतियुक्त संसदीय इतिहास छभन्दा फरक नपर्ला । विगतमा त अझ संसदमा लडाइँ, झगडा, तोडफोड र हिंसासमेत भएको रेकर्ड छ । सत्तापक्ष र प्रतिपक्षका सांसदहरुले आफ्नो राजनीतिक स्वार्थका बलिया अडानहरु नछाड्दा संसद कामै गर्न नसक्ने गरी थलिएको छ । राजनीतिक दाउपेच र फरक-फरक स्वार्थले जेलिएका जनताले नै छानेर पठाएका प्रतिनिधिहरु जनताकै विषयमा गैरजिम्मेवार र असंवेदनशील ढंगले लाग्दा यसबाट नकारात्मक असर त पर्छ नै देशको भविष्यमाथि नै यसले गम्भीर प्रश्न उठाउने कुरा निश्चित छ ।

अहिले जुन संसद अवरुद्ध भइरहेको छ र जनताका लागि महत्वपूर्ण कानुन बनाउन ढिलो भैरहेको छ, यो कुनै नौलो विषय भने होइन । पहिला सत्तापक्षमा रहेका दलहरु अहिले प्रतिपक्षमा रहेर संसद अवरुद्ध गरेका छन् भने पहिले सत्तापक्षमा रहेका दलहरुले पहिला प्रतिपक्षमा रहँदा गरेकै थिए । सरकारले भवनको भाडामा मात्रै दैनिक चार लाख खर्च गर्नुपर्छ । यसको अतिरिक्त सांसदहरुको भत्ता, सेवा सुविधा अन्य थुप्रै विषयहरु जोडजाम गर्दा सरकारले थुप्रै पैसा व्यहोर्नुपर्छ । भाडा मात्रै चार लाख दैनिक तिरेको संसदले जनताका लागि चार पैसाको पनि काम नगर्नु, जनताहरुको समस्याहरुका बारेमा बहस नहुनु योभन्दा भद्दा मजाक अरु के हुन सक्छ ?

प्रतिनिधिसभा मात्र नभएर देशको अर्को संघीय संसद (राष्ट्रियसभा)मा पनि उत्तिकै रूपमा नाटक मन्चन भई नै रहेको छ । एउटा उदाहरण लिउँ, शुक्रबार अर्थात् साउन २६ गते राष्ट्रिय सभामा प्रतिपक्षका सांसदहरु मात्र होइन सत्तापक्षमा सांसदहरुले पनि अर्थहीनरूपमा प्रस्तुत भए ।

सदन अवरुद्ध हुँदा महत्वपूर्ण विधेयकहरू र नीतिहरू बहस हुन, परिमार्जन गर्न र पारित गर्न सम्भव हुँदैन अर्थात् अर्को भाषामा भन्नुपर्दा यसले स्वास्थ्य सेवा, शिक्षा, पूर्वाधार जस्ता मुद्दाहरूलाई सम्बोधन गर्न सक्दैन, फलस्वरूप संसद असफल भएको ठहरिन्छ । जनताबाट नै निर्वाचित प्रतिनिधिहरूले आफ्नो जिम्मेवारी पूरा गर्न नसक्दा सरकार र लोकतान्त्रिक निर्णय प्रक्रियाको सिद्धान्तलाई कमजोर बनाउँछ ।

खासमा भन्नुपर्दा सत्तापक्षले गरेका सबै निर्णय सही पनि हुँदैन, न त प्रतिपक्षीले विरोध गरेको सबै कुरा जायज हुन्छ । देश तथा जनताका लागि बनाइने नीति तथा कार्यक्रमहरु स्वविवेक तथा संस्थागत हितका लागि सम्झेर बनाइनुपर्छ । जसले कानुनको सर्वोच्चताको, सार्वभौमिकताको तथा मानवीय हक र मौलिक हकको सिद्धान्तलाई आत्मसात गर्न सकोस् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# हवाईमा डढेलो नियन्त्रणका लागि अनुसन्धान शुरु



**काठमाडौं/एजेन्सी–** हवाई राज्यमा यस हप्ता कम्तीमा ८० जनाको ज्यान जाने गरी भएको विनाशकारी डढेलो नियन्त्रणका लागि आफूले अनुसन्धान शुरु गर्न लागेको हवाईका प्रमुख कानूनी अधिकारीले बताएका छन् ।

लाहैनाका बासिन्दाहरूलाई पहिलो पटक शहरमा फर्कन अनुमति दिइएपछि अनुसन्धान शुरु गर्न निर्देशन दिइएको हो । लाहैनाका बासिन्दाहरूलाई शहरमा फर्किन दिइएको अनुमतिसँगै प्रशासनले उक्त घातक दुर्घटनामा मृत्यु हुनेको संख्या ८० पुगेको जनाइएको हो ।

घर फर्किन अनुमति दिएसँगै आफ्नो वस्तीमा फर्किंदा अधिकांशले आफ्नो घर खरानीमा परिणत भएको बताएका छन् । आफ्नो घर सकुशल पाएका नागरिकले पनि उक्त घटनामा प्रशासनबाट भएका कमजोरीप्रति आक्रोस पोखेका छन् ।

नाम नबताउने शर्तमा एक नागरिकले एएफपीसँगको कुराकानीमा भने, 'सरकार कहाँ छ ? तिनी (नेता)हरू कहाँ छन् ? यो नालायकी हो । हामी स्वतन्त्र रूपमा हिँडडुल गर्न सक्दैनौं किनकि हामीले लुटपाटको बारेमा सुनेका छौं । हामीले जीउनका लागि धेरै आधार गुमाएका छौं ।'

हवाईका महान्यायाधिवक्ता एनी लोपेजले आफ्नो कार्यालयले यस हप्ता माउई र हवाई टापुमा लागेको डढेलोको समय र यसपछिका लागि महत्वपूर्ण निर्णय लिने र स्थायी नीतिहरूको परीक्षण गर्ने बताएका छन् । उनले आफ्नो विभागले उक्त निष्कर्ष सार्वजनिक गर्ने बताएका छन् ।

माउ काउन्टीका अधिकारीहरूले शुक्रबार राति मृत्यु हुनेको संख्या ८० पुऱ्याएका थिए र एक हजार ४१८ जना आपतकालीन आश्रयस्थलमा रहेको बताएका थिए । यो गर्मीयाममा उत्तरी अमेरिकामा भएका अन्य चरम मौसमी घटनाहरूजस्तै डढेलोले जनजीवन प्रभावित तुल्याएको छ । क्यानाडामा अझै पनि जंगलको व्यापक क्षेत्र डढेलोले जलिरहेको छ र अमेरिकाको दक्षिण-पश्चिममा एक प्रमुख मौसमी घटना उष्ण लहर फैलिरहेको छ ।

युरोप र एसियाका केही भागले पनि बढ्दो तापक्रमको सामना गर्नुपरेको छ । व्यापक डढेलो र बाढीले आतङ्क मच्चाएको छ । वैज्ञानिकहरूले कार्बन उत्सर्जनका कारण हुने विश्वव्यापी तापक्रम वृद्धिले चरम प्रतिकूल मौसममा योगदान पुऱ्याइरहेको बताएका छन् ।

# ताइवानका उपराष्ट्रपति अमेरिका हुँदै पाराग्वे भ्रमणमा



**काठमाडौं/एजेन्सी–** ताइवानका उपराष्ट्रपति विलियम लाइ संयुक्त राज्य अमेरिका हुँदै दक्षिण अमेरिकी मुलुक पाराग्वेको भ्रमणमा गएका छन् । पाराग्वेको राष्ट्रपतिमा निर्वाचित सान्टियागो पेनाको पदबहाली समारोहमा सहभागी हुन ताइवानी नेता असुनसियनतर्फ प्रस्थान गरेका हुन् ।

ताइवनी नेताहरूबाट हुने हरेक विदेश भ्रमणलाई चीनले गम्भीर भएर हेर्ने गरेको छ । अमेरिका भ्रमण उसका निम्ति अत्यन्त संवेदनशील विषय बन्दै आएको छ । यसअघि राष्ट्रपति साई इङ्वेनको भ्रमणबाट क्रुद्ध भएको बेइजिङले उपराष्ट्रपतिको भ्रमणलाई लिएर अहिलेसम्म केही प्रतिक्रिया जनाएको छैन ।

ताइवान आफ्नो भूमि भएको दाबी गर्दै बेइजिङले आवश्यक परेमा बल प्रयोग गरेर एक दिन आफ्नो नियन्त्रणमा ल्याउन सकिने बताउँदै आएको छ । उसले त्यहाँ राजनीतिक एवम् सैन्य दबाब पनि बढाउँदै आएको छ । ताइवानसँग अन्य देशले औपचारिक सम्बन्ध स्थापना तथा भ्रमणलगायत अन्य तहमा हुने आदानप्रदानको बेइजिङले विरोध गर्दै आएको छ । संसारका सबै देशबाट 'एक चीन सिद्धान्त'को पूर्ण परिपालना हुनुपर्नेमा पनि उसले जोड दिँदै आएको छ ।

आगामी वर्ष हुने राष्ट्रपतीय निर्वाचनका उम्मेदवार उपराष्ट्रपति विलियम प्रस्थानका क्रममा न्युयोर्क र स्वदेश फर्कदा सान फ्रान्सिस्कोमा रोकिने कार्यक्रम छ । अमेरिकामा रहँदा अमेरिकी मित्रहरूलाई भेट्न आफू उत्साहित रहेको उनले सामाजिक सञ्जालमा उल्लेख गरेका छन् । भर्जिनियामा रहेको ताइवानको अमेरिकी संस्थानका अध्यक्ष लौरा रोजेनबर्गरले उनलाई स्वागत गर्न अमेरिकी अधिकारीहरू उत्सुक रहेका बताएकी छन् ।

गत अप्रिलमा क्यालिफोर्नियामा राष्ट्रपति साईले अमेरिकी प्रतिनिधिसभाका सभामुख केभिन म्याकार्थीसँग भेट गरेपछि रिसाएको चीनले ताइवानको जलक्षेत्र र आकाशमा बृहत् शक्ति प्रदर्शनका साथ तीनदिने सैन्य अभ्यास गरेको थियो ।

# उत्तर कोरियाको अधिकार उल्लंघन र क्षेप्यास्त्र कार्यक्रमबारे समीक्षा हुने



**काठमाडौं/एजेन्सी–** संयुक्त राज्य अमेरिकाले उत्तर कोरियाको मानव अधिकार उल्लंघन रेकर्ड, विश्व शान्ति र सुरक्षासँग कसरी सम्बन्धित छ भनेर समीक्षा गर्न अगष्ट १७ मा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को सार्वजनिक बैठकलाई अनुरोध गरेको भ्वाइस अफ अमेरिका (भीओए) ले जनाएको छ ।

संयुक्त राष्ट्रसंघका लागि अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डका अनुसार उत्तर कोरियाले यस वर्ष अन्तर महादेशीय ब्यालेस्टिक क्षेप्यास्त्रका साथै ठूलो संख्यामा ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरेको छ । उत्तर कोरियाले कोरियाली प्रायद्वीपको तनावपूर्ण स्थितिका लागि संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाबीचको संयुक्त सैन्य अभ्यासलाई जिम्मेवार ठहऱ्याउँदै आएको छ र आफ्नो क्षेप्यास्त्र कार्यक्रम आफ्ना प्रतिद्वन्द्वीहरूलाई धम्काउन र 'भय उत्पन्न गर्न' बनाइएको दाबी गर्दै आएको छ ।

दक्षिण कोरिया, जापान र अल्बानियाका राजदूतहरूसँगको संयुक्त अन्तरक्रियामा ग्रिनफिल्डले भने, 'हामीलाई थाहा छ, उत्तर कोरियाली सरकारको मानव अधिकार उल्लंघनले सामूहिक विनाशका गैरकानुनी हतियार र ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमलाई अगाडि बढाउन मद्दत पुऱ्याउँछ ।'

'सुरक्षा परिषद्ले किम सरकारले आफ्ना नागरिक, जापान र गणतन्त्र कोरियालगायत अन्य सदस्य राष्ट्रका नागरिकविरुद्ध दिनहुँ हुने आतंक, दुर्व्यवहार र अपराधलाई सम्बोधन गर्नुपर्छ,' अमेरिकी राष्ट्रसङ्घका लागि अमेरिकी कुटनीतिज्ञले भने ।

संयुक्त राज्य अमेरिकाले यसै महिना १५ सदस्यीय सुरक्षा परिषद्को आलोपालो अध्यक्षता गर्दैछ र थोमस-ग्रीनफिल्डले मानव अधिकार मुख्य विषय हुने बताएका छन् ।

सन् २०१७ पछि उत्तर कोरियामा अधिकारका विषयमा परिषद्ले पहिलो पटक सार्वजनिक सत्र आयोजना गर्न लागेको हो र ग्रीनफिल्डले यसलाई 'लामो समयदेखि पर्खाइमा रहेको' बताएका छन् । रूस र चीनले सुरक्षा परिषद् मानव अधिकारका विषयमा छलफल गर्ने उपयुक्त स्थान नभएको तर्क गर्ने गरेका छन् ।

तर बिहीबार पत्रकारहरूलाई ब्रिफिङ गर्ने एक वरिष्ठ अमेरिकी अधिकारीले उत्तर कोरियाको डब्लूएमडी (सामूहिक विनाशको हतियार) र ब्यालिस्टिक क्षेप्यास्त्र प्रगतिबीचको सम्बन्धबारे अन्य कुनै पनि फोरममा ध्यान केन्द्रित नभएको बताउँदै यो नै उपयुक्त फोरम हुने बताए ।

मस्को र बेइजिङले बैठक रोक्न प्रक्रियागत मतदानका लागि आह्वान गर्न सक्छन् । त्यसपछि परिषद्का १५ सदस्यमध्ये नौ जनाले बैठक सञ्चालनका लागि प्रस्तावको पक्षमा मतदान गर्नुपर्नेछ । वरिष्ठ अमेरिकी अधिकारीका अनुसार सुरक्षा परिषद्मा पर्याप्त समर्थन प्राप्त गर्ने सन्दर्भमा वासिङ्टन 'सहज स्थानमा' छ ।

# आसियान मन्त्रीस्तरीय बैठकमा लागुऔषध नियन्त्रण सहकार्यबारे छलफल

**काठमाडौं/एजेन्सी-** लागुऔषधसम्बन्धी मामिलामा दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) को आठौं मन्त्रीस्तरीय बैठक लाओको राजधानी भेन्टियानमा सम्पन्न भएको छ । उक्त बैठकमा मूलरूपमा लागुऔषधमुक्त आसियानको अभियानलाई साकार पार्न अवैध लागुऔषध विरुद्धको सहकार्यबारे छलफल भएको छ ।

शुक्रबार लाओका उपप्रधान तथा सार्वजनिक सुरक्षामन्त्री विलाय लखामफोङको अध्यक्षतामा बसेको बैठकमा आसियान सदस्य राष्ट्रहरू र टिमोर-लेस्टेका प्रतिनिधिहरू पर्यवेक्षकका रूपमा उपस्थित रहेको लाओ नेशनल रेडियोले उल्लेख गरेको छ । बैठकमा अवैध लागुऔषधविरुद्ध समुदाय सुरक्षित गर्ने आसियान कार्ययोजना २०१६ को कार्यान्वयनको प्रगतिका बारेमा पनि छलफल भएको थियो । सो अवसरमा यस क्षेत्रको वर्तमान अवैध लागुऔषध अवस्थाबाट उत्पन्न हुनसक्ने चुनौतीहरूको प्रभावलाई सम्बोधन र न्यूनीकरण गर्ने कार्यमा जोड दिँदै संवादलाई बढावा दिँदै र सूचनाको आदानप्रदानलाई सहज बनाउँदै लैजाने कुरामा जोड दिइएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०४/२८**

**अल्ट्रा इन्जिनीयरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८०/०४/१५ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एप्लस कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं.: ११७२०४)** कायम गर्ने गरी मिति २०८०/०४/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०४/२८**

**मिन्ट लिफ रेष्टुरेण्ट प्रा.लि.** को मिति २०८०/०३/१७ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **थाली फुडल्याण्ड एण्ड धराने सेकुवा प्रा.लि. (प्रा.लि. नं.: २६१५२२)** कायम गर्ने गरी मिति २०८०/०३/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## BAHRAIN मा रोजगार

कम्पनी : WESTON CLEANING
शहर: MANAMA

पूर्व स्वीकृत मितिः २०८०/०४/२६ चलानी नं.: ६०२०६०१६ L.T. No.: 290753

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 20 | 0 | स. काममा दक्ष | 100 | ३५,०२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ३ गते (20 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SUGAM OVERSEAS PVT. LTD.
सुगम ओभरसिज प्रा. लि.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङरोड), काठमाडौं Tel: 4986106,4987183 Mobile: 9841596513, 9813492755
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm


## गैह्र बैंकिङ्ग सम्पत्तिको बिक्री सम्बन्धी सूचना

यस बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) को नाममा गैह्र बैकिङ्ग सम्पतिको रुपमा दर्ता रहेको तपसिलमा उल्लिखित सम्पति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गर्नु पर्ने भएकोले उक्त सम्पति खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीलाई निम्न शर्तहरु पुरा गरी २०८० भाद्र १० गते (कथमकदाचित् उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) कार्यालय समय भित्र यस बैंकको का.जि., का.म.न.पा. वडा नं. २८, कमलादी स्थित तीनधारा शाखा कार्यालय रहेको कर्जा असूली विभागमा गोप्य शिलबन्दी बोलपत्र बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. उक्त सम्पति के कति रकममा किन्ने हो अंक र अक्षरमा प्रष्ट खुलाई ब्यक्तिगत बोलपत्रदाताले नागरिकताको प्रतिलिपी तथा संस्थागत बोलपत्रदाताले संस्था दर्ता, स्थाई लेखा नं. को प्रमाणपत्रको प्रतिलीपी साथै राखी सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ र गोप्य शिलबन्दी बोलपत्र खाममा "गैह्र बैकिङ्ग सम्पतिको बोलपत्र" भनि प्रष्ट रुपमा लेख्नुपर्नेछ ।

२. बोलपत्र साथ आफूले कबूल गरेको रकमको कम्तिमा १० प्रतिशत रकम धरौटी स्वरुप यस बैंकमा रहेको खाता नं. २९८०९५००१००१ (Earnest Money Auction) मा नगदै वा चेकको हकमा सिलबन्दी बोलपत्र बुझाउने अन्तिम दिनमा उक्त खातामा रकम जम्मा हुनेगरी चेक जम्मा गरी सोको सक्कल रसिद साथै राखि पेश गर्नुपर्नेछ ।

३. तोकिएको समयभित्र पर्न आएका बोलपत्रहरु शिलबन्दी बोलपत्रहरु बुझाउनुपर्ने अन्तिम म्यादको भोलिपल्ट (कथमकदाचित उक्त दिन बिदा परेमा सोको भोलिपल्ट) दिनको ३:०० बजे बोलपत्रदाता वा निजहरुद्वारा नियुक्त प्रतिनिधिको रोहवरमा यस बैंकको का.जि., का.म.न.पा. वडा नं. २८, कमलादी स्थित शाखा कार्यालय अन्तर्गतको कर्जा असूली विभागमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको खण्डमा समेत बोलपत्र खोल्न बैंकलाई कुनै बाधा पर्ने छैन ।

४. कुनै पनि बोलपत्र कुनै कारण नदिई स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा निहित रहने ।

५. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र बाँकी रकम बुझाई उक्त सम्पति आफ्नो नाममा नामसारी गरि लिनुपर्नेछ । तोकिएको समयभित्र बाँकी रकम नबुझाएमा धरौटी स्वरुप रहेको रकम जफत गरिनेछ ।

६. उल्लेखित सम्पतिको सम्वन्धित निकायमा हालसम्मको तिर्न बांकी अचल सम्पति (घरजग्गा कर), राजस्व, मालपोत, अचल सम्पति नामसारी वापत लिनुपर्ने घरबाटो सिफारिश, तिर्नुपर्ने रजिष्ट्रेशन (नामसारी) दस्तुर तथा पूँजीगत लाभकर लगायतका सम्पूर्ण राजस्व, कर एवं खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

७. पेश गरिएका बोलपत्रहरु मध्ये अस्विकृत बोलपत्रको धरौटी रकम बोलपत्र सम्बन्धी निर्णय पश्चात् मात्र बिना ब्याज फिर्ता गरिनेछ ।

८. यस सम्वन्धमा अन्य कुरा बुझ्नु परेमा का.जि., का.म.न.पा. वडा नं. २८, कमलादी स्थित शाखा कार्यालय अन्तर्गतको कर्जा असूली विभागमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**तपसिल**

१. साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. हाल नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविक नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, किर्तिपुर गा.वि.स./न.पा. वडा नं. १६ स्थित कि.नं. १२३ (४४८.९२ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

२. साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. हाल नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविक नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित कि.नं. ३१५ (८७.४३ व.मि.) र कि.नं. ३१७ (१२७.१६ व.मि.) क्षेत्रफल भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np


## कतारमा रोजगारको अवसर

कम्पनी: AZOSS TRADING AND CLEANING
शहर: Qatar, Doha

पुर्व स्वीकृत मितिः २०८०/०४/२६ चलानी नं.: ६०२०६०३६ L.T. No.:290809

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 14 | 0 | स. काममा दक्ष | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ३ गते (20 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

AL NASEER OVERSEAS PVT. LTD.
Gov. Lic No. 141/055/056
Sinamangal-9, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 01-4116686,014566772,014566771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## मलेसिया र कतारमा रोजगार

कम्पनी: TETRASOL (M) SDN BHD
शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०८०/०४/२७ चलानी नं.: ६०२०६०३९ LT. No.: 290848

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 8 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: AL AMEEN ENTERPRISES शहर: Doha
पूर्व स्वीकृत मितिः २०८०/०४/२७ चलानी नं.: ६०२०६०३८ LT. No.: 290806

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ ३ गते (20 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
(श्रम इजाजत नं: ५४३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४९५९७७२, ४९८४१९०, ४९९४१९१
फ्याक्स नं.: ४३८३६२७ Email: capital2004@yahoo.com | देवी प्रसाद अधिकारी ९८५१०९९३००
" Real Happiness Lies in Making Other Happy"

## UAE मा रोजगार

कम्पनी: SANED FACILITY MANAGEMENT L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५४६४ LT. No.: 259125 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 50 | 50 | सम्बन्धित काममा दक्ष | 800 | २८,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 150 | 50 | | 1600 | ५७,५२० | | | | | | | |

२. कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI I शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ७१,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: BARARI NATURAL RESOURCES शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८०/०३/२८ चलानी नं.: ६०२०४५८३ LT. No.: 289202 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २८,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: ALABAAD ALKHAMSAH SECURITY SERVICES शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०४/२५ चलानी नं.: ६०२०५९७७ LT. No.: 290613

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 80 | 20 | स. काममा दक्ष | 1200 | ४३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ३ गते (20 August 2023) मा हुनेछ ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०, ९८१३९१६३२२
Email: futurestarmp397@gmail.com

# बक्स अफिस समाचार

## 'गुटबन्दी होइन प्रतिस्पर्धा हुनुपर्छ'



विशाल विष्ट नेपाली सिने क्षेत्रमा मल्टिट्यालेन्ट अभिनेताको रुपमा चिनिन्छन् । अभिनयका साथै भिजुअल सम्पादन, निर्देशनमा समेत उनको सक्रियता बढ्दो छ । २०३८ सालमा ललितपुर, सुनाकोठी ९ ढोलाहिटीमा जन्मिएका विष्ट २०५६ सालतिर निर्माण भएको चलचित्र 'छहारी'बाट नायकको रुपमा नेपाली सिने क्षेत्रमा उदाएका हुन् । पहिलो चलचित्र 'छहारी'ले उनलाई खासै पहिचान दिलाउन नसकेपनि दोस्रो चलचित्र 'शहर'ले भने पहिचान दिलायो । त्यसपछि विष्टले दुई दर्जन बढी चलचित्रमा काम गरे । एक समय भोजपुरी फिल्म उद्योगमा समेत राम्रै पहुँच बनाउन सफल भएका विष्ट कोरोना महामारीपछि भने भोजपुरी भन्दा पनि नेपाली सिने क्षेत्रमा नै क्रियाशील छन् । दर्जनौं टेलिसिरियलमा जीवन्त अभिनय पस्केका विष्टको सिरियल 'गहना'मा निभाएको भूमिका अत्यधिक रुचाइएको थियो । विभिन्न अवार्ड तथा सम्मान हात पार्न सफल बहुप्रतिभाशाली अभिनेता विशाल विष्टसँग मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठले गरेको कुराकानीको सम्पादित अंश :

■ **विशाल विष्ट**, अभिनेता

**नयाँ के गर्दै हुनुहुन्छ ?**

पछिल्लो समय म आफैं निर्माता, निर्देशकको रुपमा चलचित्रको काम गरिरहेको छु । मेरो आफ्नै रेकर्डिङ स्टुडियो पनि छ । यहाँ चलचित्रको डबिङको काम पनि हुन्छ । म्युजिक भिडियो निर्देशनमा अलि व्यस्त हुन थालेको छु । अब एउटा शिक्षासम्बन्धी कथामा चलचित्र निर्माण गर्ने सोचले त्यसको गृहकार्यमा जुटेको छु ।

**चलचित्र 'एके ४७' बनाउनु भएको थियो, के छ अहिले त्यसको अवस्था ?**

चलचित्र 'एके ४७' पहिले नै प्रदर्शनमा आइसकेको हो । अहिले युट्युबमा हेर्न सकिन्छ ।

**पर्दामा देखिन छाड्नुभयो, काम नपाएर हो ?**

काम नपाएर होइन, नभ्याएर हो । मेरो आफ्नै प्रोडक्शन हाउसबाट हुने कामले गर्दा बाहिरको फिल्महरुमा काम गरेको छैन । ठूलो पर्दामा नदेखिएता पनि सानोमा त देखिरहनु भएकै होला ।

**'शहर' जस्तो सफल चलचित्रबाट कला क्षेत्रमा देखिनुभएका तपाईं, ति दिन सम्झदा कस्तो महसुस हुन्छ ?**

मेरो पहिलो चलचित्र 'छहारी' हो । शहर चलचित्रमा काम गर्दा र अहिलेको सिनेमा क्षेत्रको अवस्था देख्दा अचम्म लाग्छ । खोइ त्यतिबेलाको जस्तो संस्कार र इज्जत कलाकारको ? धेरै कुराहरु फरक भएको महसुस गरेको छु । अहिले त आफैं हिरो, आफैं निर्देशक अनि आफ्नै श्रीमती नायिका । यहाँसम्म कि आफैं गीत गाउने र नाच्ने । नेपाली सिने क्षेत्रमा स्टार भन्नेहरुको हाबी छ अहिले ।

**भोजपुरी फिल्म उद्योगमा पनि काम गर्नुभयो, टिक्नु भएन नि किन ?**

भोजपुरी फिल्ममा काम गर्न पाउँदा खुशी लाग्छ । त्यहाँ सिष्टम र अनुशासन हुन्छ । त्यहाँ कलाकारलाई दिने इज्जत र सम्मान तथा पारिश्रमिकको कुरामा पनि अति राम्रो । भोजपुरी फिल्ममा नटिकेको होइन । कोरोना महामारीपछि म आफैं गएको छैन । केही समय पछि जानै पर्ने छ, मैले अभिनय गरेको एउटा फिल्मको काम अधुरै भएकाले त्यसलाई सक्काउनु पर्ने छ । अहिले नेपालमै बसेर आफ्नो कर्मलाई निरन्तरता दिइरहेको छु ।

**२०७२ सालमा सम्पन्न भएको कलाकार संघको चुनावमा अध्यक्ष पदमा उठ्नुभएको थियो, पराजय हुनुभयो । चलचित्र विकास बोर्डमा जाने चाहना भएन ?**

कलाकार संघको चुनावमा दुई पटक कार्यसमिति सदस्यामा निर्वाचित भएको थिएँ । हो, अध्यक्षमा उठेको थिएँ र पराजित भएँ । संघलाई एक ढिक्का बनाउने, कलाकार संघलाई कलाकर संघ जस्तै बनाउने सोच लिएर उठेको थिएँ, तर सफल भइनँ । अहिले कलाकार संघको काम हेरिँदैछ र विकास बोर्डको पनि । यी संस्थाहरुले कलाकारहरुको हकहित र भविष्य सुनिश्चित गर्न कहिल्यै प्रयास गरेनन् । जस्तोसुकै मै हुँ भन्ने कलाकार किन नहोस् तर अप्ठेरो वा बिमारी पर्दा चन्दा नउठाइ उपचार सम्भव हुन्न । अनि के को विकास बोर्ड र कलाकार संघ । कलाकार संघको अध्यक्ष, विकास बोर्डको अध्यक्ष भएँ भनेर प्रोगामहरुमा प्रमुख अतिथि बन्ने काममात्र भयो उहाँहरुको । आजसम्म कलाकार हरुको पेशागत हकहितको बारेमा ठोस नीति र उनीहरुको भविष्यप्रति दीर्घकालीन कार्यक्रम आउन सकेको छैन । पदमा बसेपछि जिम्मेवारी पनि वहन गर्न सक्नुपर्छ जस्तो लाग्छ मलाई । त्यसैले विकास बोर्डमा जाने चाहना गरिनँ ।

**चलचित्र क्षेत्रमा आ-आफ्नो गुट हुनुलाई कसरी लिनुभएको छ ?**

हाम्रो सिने क्षेत्र सानो भएकाले गुटबन्दी राम्रो होइन । प्रतिस्पर्धा पो हुनुपर्छ । एउटा निर्माताको गुटले एउटै कलाकारलाई मात्र रिपिट गर्नु भनेको त दर्शकहरुलाई खाए खा नखाए घिच भने जस्तो भयो ।

**भिडियो निर्देशनमा पनि सक्रिय हुनुहुन्छ, अबको कार्यक्षेत्र निर्देशकीय हो ?**

निर्देशनतिर त लागि नै सकें नि, कलाकारिता छाड्ने कुरै भएन । त्यसैले बुझ्दा हुन्छ अबको पाटो भनेको निर्देशन नै हो भनेर ।

**चलचित्र कम बन्नुमा लगानीकर्ताको कमी कि दर्शकको ?**

चलचित्र कम बनेको जस्तो लाग्दैन मलाई, पहिलेको अनुपातमा धेरै चलचित्र बनेको छ । ती मध्ये केही चल्छन्, केही एक-दुई दिनपछि हलबाट हराउँछ । त्यसैले आम दर्शकले कुन चलचित्र आयो कुन गयो अत्तोपत्तो पाउँदैनन् । राम्रो स्तरीय ब्यानरले आफ्नो चलचित्रको पब्लिसिटीमा ध्यान दिन्छन् र सबै दर्शकले थाहा पाउँछन् । त्यसैले दर्शक फिल्म हेर्न हलमा पुग्छन् । पब्लिसिटी नहुँदा दर्शकले थाहा नै पाउँदैनन् । चलचित्र बनाउँदा प्रचार प्रसारमा पनि ध्यान दिनुपर्छ । त्यसैले दर्शक नभएको होइन, फिल्म नै राम्रो बनाउन जरुरी छ ।

**तपाईंले काम गरेको चलचित्र र सिरियल कति भए होलान् ?**

छहारी, शहर, यस्तै रहेछ जिन्दगी, अपहरण, गेम, ग्याम्लर, भाग्य विधाता, संजीवनी, चाल, एके ४७, जुनकिरीको गाउँलगायत दुई दर्जन बढी नै होला । सिरियलमा गहना, दुई दिनको जीन्दगी, माया मोह, जीवनको मोडहरु, जीवन चक्र, थोरै भए पुगिसरी, जीवनका पानाहरु, सायद त्यो दिन, कृपालगायत ९० जति पुगे होलान् ।

**म्युजिक भिडियो नि ?**

निर्देशन र अभिनय गरेर ४० भन्दा बढी नै छ ।

**विकास बोर्डले कार्यशाला र गोष्ठीलगायतका गतिविधिमा आर्थिक खर्च गरिरहेको छ, यसले चलचित्र उद्योगलाई फाइदा पुगेको देख्नुहुन्छ ?**

विकास बोर्डले जति नै गोष्ठी, सेमिनार भनेर खर्च गरेपनि चलचित्र क्षेत्रको विकासका लागि हुनुपर्ने हो, त्यसो हुन सकिरहेको छैन । सीमित व्यक्तिलाई फाइदा पुगेको होला । मैले माथि नै भनिसकें जो अध्यक्ष भएपनि कलाकर्मीको हितमा कुनै ठोस काम भएको छैन ।

**अहिलेका युवा पुस्तालाई नेपाली चलचित्रप्रति आकर्षित गर्न कस्तो विषयवस्तु चयन गर्नुपर्ला ?**

हाम्रा दर्शक भनेका हलिउड, बलिउडजस्तो महँगो बजेटमा बनेको फिल्म हेर्ने बानी परेका छन् र पनि जनचेतनामूलक, देश भक्ति, सन्देशमूलक र सामाजिक विषयवस्तुलाई चित्रण गर्दा युवा पुस्ता नेपाली चलचित्रप्रति आकर्षित हुन्छन् कि जस्तो लाग्छ ।

## प्रतिष्ठान शाखा कतारले गऱ्यो सर्जक तथा संस्थापक उपाध्यक्ष क्षेत्रीको बिदाइ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २७ साउन



राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, शाखा कतारका संस्थापक उपाध्यक्ष तथा वर्तमान कार्यसमितिका प्रमुख सल्लाहकार शक्ति क्षेत्रीले आफ्नो कतार बसाइलाई बिट मारेका छन् । प्रतिष्ठानले एक कार्यक्रमको आयोजना गर्दै क्षेत्रीको संस्थागत बिदाइ गरेको छ । शुक्रबार राति एक कार्यक्रमका बीच कदर पत्र प्रदान गर्दै दोसल्ला ओढाएर बिदाइ गरिएको हो ।

कार्यक्रममा नेपाली महिला समाज कतारकी अध्यक्ष सरिता पौडेल भण्डारीसहित प्रतिष्ठान कतारका संस्थापक अध्यक्ष कृष्ण बराललगायतको विशेष उपस्थिति रहेको थियो । वैदेशिक रोजगारीको क्रममा करिब दुई दशक कतारमा बिताएका क्षेत्री लामो समयदेखि नेपाली गीतसगीतमा सक्रिय रहेका छन् । संस्थागत बिदाइपश्चात निकै भावुक देखिएका क्षेत्रीले कतारको समाजले आफूलाई छुट्टै पहिचान दिएको स्मरण गर्दै आफू जहाँ रहे पनि नेपाली गीतसंगीतबाट टाढा रहन नसक्ने बताए । उनले नेपाली गीतसंगीतमा लाखौं रुपैयाँ लगानी गरे पनि आर्थिकरूपमा उपलब्धि न्यून हुनेप्रति लक्षित गर्दै प्रतिष्ठानमा रहेका कलाकार भाइबहिनीहरूसँग मिलेर सांगीतिक सहयात्रा गर्न आफू तयार रहेको बताए । उनले शाखा र कतारका सबै नेपाली प्रति कृतज्ञता प्रकट गरे ।

शाखा कतारका अध्यक्ष शिवराम ढकालको सभापतित्व तथा एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि भट्टले स्वदेशमै केही गर्न हौसला प्रदान गर्दै शुभकामना दिए । उनले क्षेत्री आफ्नो पुरानो सहयात्री र साथी रहेको स्मरण गर्दै कतारको नेपाली समाजमा उनको अभाव खड्किने बताए ।

वरिष्ठ उपाध्यक्ष कृष्ण ढकालले स्वागत मन्तव्य राखेको कार्यक्रममा प्रतिष्ठानका अन्य पदाधिकारीहरूले सुखमय जीवनको कामना गर्दै शुभकामना दिएका थिए । सचिव कृष्ण दर्लामीले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति ढकालले संस्थाले एउटा मेरुदण्ड गुमाउनु पर्दा दुःख लागे पनि मातृभूमि फर्कने कुराले खुसी लागेको बताए । उनले नेपालमा नै केही व्यापार तथा व्यवसाय गरी जीवन यापन गर्न सुझाउँदै उनको योगदान संस्थाले इतिहासमा सुनौला अक्षरले कोर्नेमा विश्वस्त रहन आग्रह गरे ।

## लघु चलचित्र 'लिलामी' सार्वजनिक

काठमाडौं/मस- नेपाली युवाले देशभित्र पाएको दुःख झमेलाको कथा समेटिएको लघु चलचित्र 'लिलामी' सार्वजनिक गरिएको छ । अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा टिसीटी इन्टरटेइनमेन्ट युट्युव च्यानलमार्फत चलचित्र सार्वजनिक गरिएको कार्यकारी उत्पादक जीवन भण्डारीले जानकारी दिए ।




लघु चलचित्रको निर्देशन पत्रकार रामजी ज्ञवालीले गरेका हुन् । निर्देशक ज्ञवालीले यसअघि एक दर्जनभन्दा बढी लघु चलचित्रको निर्देशन गरिसकेका छन् भने कार्यकारी उत्पादक भण्डारीले अन्य लघु चलचित्रमा गीत तथा कथा लेखेका छन् ।

पवन बस्यालको कथा लेखन रहेको चलचित्रमा महेश खड्का, सविना राउत, दीपक ढकाल, नारायण कँडेल, राजेश भट्टराई, सुदिन श्रेष्ठ, शिबु पाण्डेलगायतले अभिनय गरेका छन् ।

नेपालभित्र जे काम गर्दा पनि सहयोग र प्रोत्साहन नपाएपछि युवाहरु विदेशिन बाध्य भएको विषयवस्तु चलचित्रमा उतारिएको छ । लिलामीको व्यवस्थापकको जिम्मेवारी युवराज घिमिरेले र सम्पादनको जिम्मेवारी नहकुल खड्काले निर्वाह गरेका थिए ।

**भीमदत्त नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**आन्तरिक आयको ठेक्का सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०३/२४**
**दोश्रो पटक सूचना प्रकाशन मिति : २०८०/०४/२८**

भीमदत्त नगरपालिकाको देहाय बमोजिमका आन्तरिक आयका ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागी मिति २०७९/०४/२८ का दिन सबै योग्य बोलपत्रदाताहरुको लागी सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल **www.bolpatra.com/eGP–II** मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०५/११ गते दिनको १२ बजेसम्म र बोलपत्र खोल्ने मिति २०८०/०५/११ गते दिनको १ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रुपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

देहाय

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | आ.ब.२०८०/०८१ को न्यूनतम बोलपत्र कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|
| ३/आ.आ./२०८०/०८१ | नगर क्षेत्रमा पटके व्यवसाय कर संकलन गर्ने | २७,५०,०००।०० | आ.व. २०८१/०८२ का लागि ठेक्का सम्झौता रकम आ.व. २०८०/०८१ को कबोल अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ । आ.व. २०८२/२०८३ का लागि ठेक्का सम्झौता रकम आ.व. २०८१/०८२ को ठेक्का अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ । |

बिस्तृत जानकारीका लागी **www.bolpatra.com/eGP–II** मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**मैवाखोला गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**साँघु, ताप्लेजुङ**
**(प्रदेश नं. १, नेपाल)**
**स्था: २०७३**

**हाजिर हुन आउने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**प्रकाशित मितिः २०८०/०४/२८**

मैवाखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पूर्वाधार शाखामा अ.सव-इन्जिनियर पदमा कार्यरत कर्मचारी द्वय मैवाखोला गाउँपालिका वडा नं. ३ (साविक साँघु गा.वि.स.-४), ताप्लेजुङ स्थायी ठेगाना भएका श्री विजय चोङबाङ लिम्बु (क.सं.नं. २४१७३१) र मेलुङ गाउँपालिका-१ (साविक पवटी गा.वि.स-१), दोलखा स्थायी ठेगाना भएकी श्री इनुषा न्यौपाने (क.सं.नं. २३९२८३) २०७९ साल फाल्गुन १५ गते देखि निरन्तर कार्यालय प्रमुखबाट बिदा स्वीकृति नगराई हाल सम्म कार्यालयमा हाजिर नभएको कारण मिति २०८०/०२/०७ गते र २०८०/०४/१८ गते लिखित रुपमा स्पष्टिकरण पेश गर्न दिएको समय भित्र अटेर गरि हाल सम्म कुनै जानकारी यस कार्यालयमा दर्ता नभएको हुदाँ निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ६१ बमोजिम सजाय किन नगर्ने ? कारवाही नगर्नु पर्ने कुनै मवासिव कारण भए सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र लिखित स्पष्टीकरण सहित कार्यालयमा हाजिर हुन यसै सूचना मार्फत जानकारी गरिएको छ ।

.......................................
**(लक्ष्मीमाया गोम्देन)**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

## महिला विश्वकप फुटबल

# फाइनल प्रवेशका लागि इंग्ल्याण्ड र अस्ट्रेलिया तथा स्पेन र स्वीडेन भिड्ने

**काठमाडौं/एजेन्सी–** फिफा महिला विश्वकप फुटबलको सेमिफाइनल समीकरण पूरा भएको छ । शनिबार भएको क्वाटरफाइनल खेलमा इंग्ल्याण्ड र अस्ट्रेलिया सेमिफाइनलमा प्रवेश गरेसँगै सेमिफाइनल पुग्ने चारै टोलीको टुंगो लागेको छ । यसअघि शुक्रबार स्पेन र स्वीडेनले सेमिफाइनलमा स्थान बनाइसकेका छन् ।



शनिबारको खेलमा कोलम्बियाले पराजित गर्दै सेमिफाइनलमा पुगेको हो । कोलम्बिया शुरुवाती अग्रतालाई जोगाउन नसक्दा पहिलो पटक सेमिफाइनलमा स्थान बनाउन असफल रह्यो । इंग्ल्याण्ड भने लगातार तेस्रो पटक विश्वकप फुटबलको सेमिफाइनलमा स्थान बनाउन सफल भएको हो । अस्ट्रेलियाको सिड्नीस्थित स्टेडियम अस्ट्रेलियामा शनिबार भएको खेलमा कोलम्बियालाई २-१ गोलले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको हो । इंग्ल्याण्डको जितमा लौरेन हेम्प र ऐलेसिया रुसोले एक-एक गोल गर्दा कोलम्बियाका लागि लेइसी सान्तोषले एक गोल फर्काइन् ।

खेलमा शुरुवाती अग्रता कोलम्बियाले बनाएको थियो । खेलको ४४औं मिनेटमा लेइसी सान्तोषले गोल गर्दै टोलीलाई अग्रता दिलाइन् । तर पहिलो हाफको थपिएको समयको छैटौं मिनेटमा इंग्ल्याण्डले गोल गर्दै बराबरी गऱ्यो । इंग्ल्याण्डका लागि लौरेन हेम्पले गोल गरिन् ।

पहिलो हाफ एक एक गोलको बराबरीमा सकिएको खेलमा इंग्ल्याण्डले खेलको ६३औं मिनेटमा अग्रता बनायो । ऐलेसिया ररुसोले गोल गर्दै इंग्ल्याण्डलाई २-१ गोल अन्तरको जित दिलाइन् ।

यस्तै शनिबार नै भएको अर्को खेलमा अस्ट्रेलिया पहिलो पटक महिला विश्वकपको सेमिफाइनलमा स्थान बनाउन सफल भयो । फ्रान्सलाई सडनडेथमा पराजित गर्दै सहआयोजक राष्ट्र अस्ट्रेलियाले अन्तिम चारमा स्थान पक्का गरेको हो ।

सडनडेथमा अस्ट्रेलिया ७-६ गोल अन्तरले विजयी हुँदै पहिलोपटक सेमिफाइनलमा स्थान पक्का गरेको हो । निर्धारित र थप गरिएको समयमा पनि कुनै गोल ननिस्कएपछि खेलको नतिजा टाइब्रेकर हुँदै सडन डेथमा पुगेको थियो ।

टाइब्रेकरमा घरेलु टोली अष्ट्रेलियाकी केइटलिन फुर्ड, सामान्थ खेर र मारी फोलेरले गोल गर्न सफल हुँदा स्टेफ क्याट्ले र म्याकेन्जी अर्नोल्डले गोल गर्न सकिनन् । फ्रान्सकी सेल्मा बाचाले पहिलो पेनाल्टी चुकाउँदा कडिडियाटोउ, डिएनी, वेन्डी रेनार्ड र इगुइनी ले सोमेरले गोल गर्न सफल भइन् । इभ पेरिसेटको प्रहार खेर गरेको थियो । त्यसपछि, सडनडेथमा कटरिना गोरी, तमेका यालोप, एली कार्पेन्टर र कोर्टनी भिनले गोल गर्दा क्लेर हन्टको प्रहार विफल भएको थियो । फ्रान्सका लागि सडनडेथमा ग्रेस जियोरो, सकिना कारचाओइ, मायर लाकरले गोल गर्न सफ हुँदा केन्जा डाली र भिकी बेचोले गोल गर्न असफल भइन् ।

अब सेमिफाइनल खेलमा इंग्ल्याण्डले अस्ट्रेलियाको सामना गर्ने छ । अर्को सेमिफाइनल खेलमा स्पेनले स्वीडेनको सामना गर्ने छ ।

## ग्रिनफिल्डको विजयी शुरुवात




**काठमाडौं/मस–** आयोजक ग्रिनफिल्ड नेसनल स्कुलले दशौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा शनिबार विजयी शुरुवात गरेको छ । बाफलस्थित घरेलु कोर्टमा ग्रिनफिल्डले काठमाडौं भ्याली, छाउनीलाई ३२-१३ ले पराजित गऱ्यो । ग्रिनफिल्डका अर्जुन बस्नेतले १४ अंक जोडे । सो स्पर्धामा ग्रिनल्यानडले ओरेकललाई ५५-१७, बिग बुद्धले दिब्यज्ञानलाई १६-१३ र नेरिकले स्वर्णिमलाई २९-१९ ले हराए ।

जुनियर ब्वाइजमा एन्जल्स हार्टले श्री नवीन ज्योतिलाई ३१-५, पिपुल्स एकेडेमीले ओरेकललाई १३-३ र किडडम हिमालयले काठमाडौं भ्याली, छाउनीलाई २४-४ ले पन्छाए ।

सिनियर गर्ल्समा काठमाडौं भ्याली, छाउनीले एन्जल्स हार्टलाई ९-८ तथा भ्याली पब्लिकले स्वर्णिमलाई २८-१० ले पाखा लगाए ।

प्रतियोगिताको नागर्जुन नगरपालिकाका मेयर मोहनबहादुर बस्नेतले निर्णायकलाई एक कार्यक्रमबीच बल हस्तान्तरण गरी उद्घाटन गरे । प्रतियोगिताको सिनियर ब्वाइजमा ३२ तथा सिनियर गर्ल्स र जुनियर ब्वाइजमा समान २४-२४ टिम सहभागी छन् । फाइनल भदौ ९ गते हुनेछ ।


# Dodhara Chadani Municipality
## Office of the Municipal Executive
**Dodhara Chadani, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## Invitation For Bids

**First Date of Publication: 2080/04/28**

1. The Government of Nepal (GoN) has allocated Fund to Dodhara Chandani Municipality for River Training construction work, Ward 06 and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for Building construction work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at the office of Dodhara Chadani Municipality or **www.bolpatra.gov.np**
3. Bidding documents may be purchased from the office of Dodhara Chadani Municipality, Dodhara Chadani, Kanchanpur or **www.bolpatra.gov.np** by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) ***(30th day.)*** from the first date of publication of this notice.
4. Bids must be submitted to the office of Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur or through **www.bolpatra.gov.np,** on or before **12.00 hr. noon** on **2080/05/26** Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur on **2080/05/26 and 14.00 hr.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of as mention below**, which shall be **valid for 30 days** beyond the bid validity period.
6. If bidder wishes to submit the Bid Through eg-p, they may submit Bid Document Fee in form of cash, in Sanchit Kosh Account No : **0823501563767019**, Agricultural Development Bank, Dodhara chadani branch.
7. If bidder wishes for Bid Bond in form of cash, in **Dharauti Khata** Account No : **0823501563767108**, Agricultural Development Bank, Dodhara chadani branch.
   **Account Name. Dharauti Khata a**nd submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

| IFB Number | Description of Work | Estimated Amount, NRs. (Excluding VAT & PS) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| DCM/02/ RTW/2080/081 | Dhani Tool-Patternala River Training Construction Work, Ward 06 | 30,50,791.09 | 1,20,000.00 | 3000.00 |

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Admistrative Officer**



## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचन

(प्रकाशित मिति २०८०/०४/२८ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले धरान शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्तागर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनु हुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रिगरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुलउपर नभएमा वा कथमकथाचित धितोवाट असुल उपर हुन नसके वा असुलउपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानूनबमोजिम असुलउपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री मेलमिलाप बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना: धरान १६, सुनसरी । दर्ता नं: १६-०६७।०६८**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : दिनेश श्रेष्ठ (अध्यक्ष, जमानिकर्ता)**
बुवा :गणेश प्रसाद श्रेष्ठ
बाजे :कृण्ण प्रसाद श्रेष्ठ
ना प्र.नं. : ७९६३/ ९०५६/३१२५, सुनसरी
ठेगाना : धरान १५, सुनसरी

**२) नाम: दिपेश श्रेष्ठ (उपाध्यक्ष, जमानिकर्ता)**
बुवा : तिल बहादुर श्रेष्ठ
बाजे : भिमलाल श्रेष्ठ
ना.प्र.नं: १३४३६/८६९७/३०१९,सुनसरी
ठेगाना :धरान ३, सुनसरी

**३) नाम: अनुज उदास (सदस्य, जमानिकर्ता)**
बाबु : शिव कुमार उदास
बाजे: गंगा उदास
ना.प्र.नं: ६३५४/१८३११/०४४, सुनसरी
ठेगाना : धरान ३, सुनसरी ।

**४)नाम: आयुस श्रेष्ठ (सदस्य, जमानिकर्ता)**
बाबु :विपीन श्रेष्ठ
बाजे:गोपाल श्रेष्ठ
ना.प्र.नं: ०६-०२-७५-०२८०७, सुनसरी
ठेगाना :धरान ३, सुनसरी ।

**५)नाम: प्रमेश श्रेष्ठ (सदस्य, जमानिकर्ता )**
बाबु: बम बहादुर श्रेष्ठ
बाजे: कृण्ण प्रसाद श्रेष्ठ
ना.प्र.नं:३९७०/१५७९६/०४४, सुनसरी
ठेगाना :धरान ६, सुनसरी

**६) नाम: चन्द्र बहादुर मगर (सदस्य, जमानिकर्ता)**
बाबु :कृण्ण बहादुर मगर
बाजे:राम बहादुर मगर
ना.प्र.नं: २७३३/३९९, सुनसरी
ठेगाना :धरान १६, सुनसरी ।

**७)नाम: रोहन हाँडा (सदस्य, जमानिकर्ता)**
बाबु :राम हरि हाँडा
बाजे:सेतबहादुर हाँडा
ना.प्र.नं: १३५१४/१५३१६/०४४, सुनसरी
ठेगाना :धरान २, सुनसरी ।

**८)नाम: तुलसा गिरी (पुर्व संचालक, जमानिकर्ता)**
बाबु :विण्णु बहादुर गिरी
पति :छत्र कुमार गिरी
बाजे: रष्मलाल गिरी
ना.प्र.नं: २३९९५/०६१/०६२, सुनसरी
ठेगाना : धरान १४, सुनसरी

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१. श्री शिव कुमार उदास को छोरी दिनेश श्रेष्ठ को पत्नि धरान उप.न.पा वडा नं. १५ बस्ने श्री अनुरुपा उदासको नाममा मालपोत कार्यालय धरान, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको बाझगरा गा.वि.स./न.पा. वडा नं. १क को कित्ता नं. ९३७३ को क्षेत्रफल ०-०-१३-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री कष्ण प्रसाद श्रेष्ठको नाति गणेश प्रसाद श्रेष्ठको छोरा धरान उ.म.न.पा वडा नं. १५ बस्ने श्री दिनेश श्रेष्ठ को नाममा मालपोत कार्यालय धनकुटामा दर्ता श्रेस्ता कायम रहेको डाडाबजार गा.वि.स./न.पा. वडा नं. १ को कित्ता नं. ७१९ क्षेत्रफल ५-३-०-१(रोपनी) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARABI COMPANY W.L.L.** शहर : **Kuwait**

पूर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१७०२ LT. No.: 286351 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | High Rise Window Cleaning Technician | 40 | 0 | स. काममा दक्ष | 140 | ६०,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २ गते (19 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.**
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677, 9808299279,9808577289
9810166668, Email: manakamanamfec1@gmail.com



## यूएईमा रोजगार

कम्पनी: **ROYAL ALLIANCE LABOUR SUPPLY SERVICES** शहर: **DUBAI**

पूर्व स्वीकृत मितिः २०८०/०२/२३ चलानी नं.:६०२०२६९७ LT. No.: 287356 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packer/porter | 35 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packing & Packaging Worker | 25 | 0 | | 800 | २८,७६० | | | | | | | |
| 3. | Ordinary Labourer | 25 | 0 | | 800 | २८,७६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ ३ गते (20 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलरमा सम्पर्क गर्नु होला ।

**GOOD LUCK MANPOWER Services Pvt. Ltd.**
Gov. Lic No. 1561/079/080
Sinamangal 9,Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com



## मलेसियामा रोजगार

कम्पनी : **FREEHOLD TECHNOLOGY SDN.BHD.** शहर : **MALAYSIA**

पूर्व स्वीकृत मितिः२०८०/०४/२१ चलानी नं.६०२०५७१८ LT. No.: 290464

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 2 | 0 | स. काममा दक्ष | 1500 | ४३,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० भदौ ३ गते (20 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Seven Seas Intercontinental Services Pvt. Ltd.**
Lic No.888/067/068
दाई कम्प्लेक्स, गुहेश्वरी, काठमाडौं, Phone : 01- 5107440
Mobile: 9801650007, 9801650001, 9801650009, 9801650002, 9801650003, 9801122224
E-mail : info@smanpower.com / Web.: www.smanpower.com

## जीवन बीमामा मानिसहरुको आकर्षण किन घटिरहेको छ ?

# ‘सरेन्डर बढ्नुमा कम्पनी जिम्मेवार छन्’

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २७ साउन ।





नेपाल बीमा प्राधिकरणका अनुसार १५ वटा जीवन बीमा कम्पनीहरुले गत आर्थिक वर्ष (आव) २०७९/८० मा एक खर्ब ४२ अर्ब ३५ करोड ५४ लाख रुपैयाँ प्रिमियम रकम संकलन गरे। सो प्रिमियम रकम अघिल्लो आव ०७८/८० मा भन्दा २.६८ प्रतिशतले मात्रै वृद्धि भएको नेपाल बीमा प्राधिकरणको तथ्यांक छ। अघिल्लो आव २०७८/७९ मा जीवन बीमा कम्पनीहरुले १ खर्ब ३८ अर्ब ६४ करोड ५ लाख रुपैयाँ प्रिमियम संकलन गरेका थिए। अघिल्लो आवमा १६ जीवन बीमा कम्पनीले १ करोड ४१ लाख ३७ हजार ३२१ बीमालेख मार्फत उक्त बीमाशुल्क संकलन गरेका हुन्।

त्यस्तै, गत आवको एक वर्षको अवधिमा एक लाख बढी बीमितले बीमा पोलिसी त्याग अर्थात सरेन्डर गरेका छन्। नेपाल बीमा प्राधिकरणको असार मसान्तसम्म तथ्यांकअनुसार गत आव २०७९/८० मा सञ्चालनमा रहेका १५ बीमा कम्पनीका एक लाख ४ हजार ५०६ जनाले बीमा पोलिसी अर्थात बीमालेख त्यागेका हुन्।

जुन अघिल्लो वर्षको तुलनामा २७.६६ प्रतिशतले बढी हो। अघिल्लो आव २०७८/७९ मा ८१ हजार ८६० जना बीमितहरुले बीमा पोलिसी सरेन्डर गरेका थिए। त्यस्तै, समीक्षा अवधिमा सरेन्डर रकम १७.२० प्रतिशतले बढेको छ। बीमितहरुले एक वर्षको समयमा १४ अर्ब २७ करोड ५४ लाख रुपैयाँ बराबरको बीमा पोलिसी सरेन्डर गरे। जुन अघिल्लो वर्ष भने १२ अर्ब १८ करोड रुपैयाँ बराबरको पोलिसी सरेन्डर भएका थिए।

तथ्यांकहरु हेर्दा जीवन बीमा कम्पनीहरुले तिव्रताका साथ व्यसायलाई अगाडि बढाउन सकेका छैनन् भने सरेन्डर गर्ने दर पनि बढ्दै गएको देखिन्छ। आखिर किन जीवन बीमाको क्षेत्रमा यस्तो भइरहेको छ ? बीमा विज्ञ डा. रविन्द्र घिमिरेले मानिसहरुले बीमा पोलिसी किन त्यागीरहेका छन् भनेर गहिरो ढंगले अनुसन्धान गर्नुपर्ने बताएका छन्। मध्यान्ह राष्ट्रिय दैनिकसँग कुराकानी गर्दै विज्ञ घिमिरेले ३/४ कारणले सरेन्डर बढेको हुनसक्ने बताएका छन्।

> “ सरेन्डरमा कम्पनी नै बढी जिम्मेवार हुन्छ, सरेन्डरलाई रोक्ने विभिन्न तरिकाहरु छन्, आर्थिक हैसियत भन्दा धेरैको बीमा नगराउने पनि हुन सक्छ ।

‘एउटा नयाँ कम्पनी आएको कारण पनि हुनसक्छ, अर्को कोभिड महामारीपछि मानिसहरुको आम्दानी घट्यो जसले गर्दा ठूला प्रिमियम तिर्न सक्ने सम्भावना भएन’, घिमिरे भन्छन्, ‘कतिपय मानिसहरु विदेशतिर पलायन भएका छन्, तिनीहरुले पनि आफ्नो पोलिसी सरेन्डर गरेर जान्छन्।’ उनले कोभिड महामारीको बेलामा बीमा सरेन्डरको विषयमा आफूले पनि अनुसन्धान गरेको बताउँदै त्यतिबेला अधिकांश मानिसहरुले पहिलो आर्थिक कारणले नै बीमा सरेन्डर गरेको बताउने गरेको बताए।

‘त्यस्तै, दोस्रो कारणको रुपमा कम्पनीले हामीलाई त्यति रेस्पोन्स गरेन भनेर गरेको पनि पाइएको थियो, पोलिसी प्रभावकारी लागेन भनेर पनि सरेन्डर गर्ने पनि छन्’, घिमिरे भन्छन्, ‘एजेन्टले राम्रोसँग नबुझाएको कारणले पनि सरेन्डर भएको छ।’ कानुनी व्यवस्थामा पहिला दुई वर्ष पुगेपछि गर्न पाउने व्यवस्था भएकोमा अहिले तीन वर्ष बनाएको अवस्था भएको तर सरेन्डर गर्नै नपाउने कानून भने बनाउन नपाइने उनी बताउँछन्।

सरेन्डरमा कम्पनी नै बढी जिम्मेवार हुने उनी बताउँछन्। ‘सरेन्डरमा कम्पनी नै बढी जिम्मेवार हुन्छ, सरेन्डरलाई रोक्ने विभिन्न तरिकाहरु छ, आर्थिक हैसियत भन्दा धेरैको बीमा नगराउने पनि हुन सक्छ’, उनले भने। विज्ञ घिमिरेले सरेन्डरको विषयमा अनुमान गर्ने भन्दापनि गहिरो अनुसन्धान गर्नुपर्ने बताउँछन्।

कतिपयले दुई वर्षपछि सरेन्डर गर्नेगरी पनि पोलिसी बिक्री गर्ने गरेको बताउँछन्। सरेन्डरको प्रकृयामा कम्पनी र सरेन्डर गर्ने व्यक्तिलाई घाटा भएपनि बीचमा काम गर्नेलाई फाइदा हुने उनको भनाइ छ। त्यस्तै, पछिल्लो समयमा सम्पत्ति आर्जनको कोणबाट धनी र गरिब बीचको खाडल बढेको र त्यसको प्रभाव पनि बीमा क्षेत्रमा परेको हुनसक्ने उनको भनाइ छ।

‘कोभिड पछि धनी र गरिब बीचको खाडल बढेको छ, पहिले दुई प्रतिशतको हातमा भएको सम्पत्ति अहिले एक प्रतिशतको हातमा आएको छ’, घिमिरे भन्छन्, ‘मानिसको बैंकमा राखेको पैसा सकियो, आवश्यकताहरु त तीनै छन्, त्यस्तो अवस्थामा सरेन्डर गरेर भएपनि छोटो समयका आवश्यकताहरु पूरा गर्ने गरेका पनि छन्।’

# अब अनौपचारिक श्रमिक र स्वरोजगार व्यक्ति पनि सामाजिक सुरक्षा कोषमा



**काठमाडौं/रासस** - सरकारले अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा समेट्दैछ। सामाजिक सुरक्षा कोषले यही साउन ३१ गते एक कार्यक्रममार्फत अनौपचारिक श्रमिक र स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सूचीकरण गराउँदैछ।

अनौपचारिक श्रमिक तथा स्वरोजगार व्यक्तिले सरकारले तोकेको आधारभूत पारिश्रमिकको २० दशमवल ३७ प्रतिशत रकम योगदान गर्नुपर्ने कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए। उनका अनुसार योगदान रकमको ११ प्रतिशत सम्बन्धित व्यक्ति र बाँकी सरकारका तर्फबाट नौ दशमवल ३७ प्रतिशत जम्मा हुनेछ। सरकारका तर्फबाट जम्मा गरिने रकम सङ्घ, प्रदेश वा स्थानीय तहले जम्मा गरिदिने वा त्यस्तो रकम योगदानकर्ता आफैँले जम्मा गर्न सक्नेछन्।

सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक १५ हजार तोकेको छ। जसमा आधारभूत पारिश्रमिक नौ हजार तीन सय ८५ र महँगीभत्ता पाँच हजार छ सय १५ तोकिएको छ। त्यस्ता श्रमिकले आधारभूत पारिश्रमिको २० दशमलव ३७ प्रतिशत आफैँ जम्मा गर्न सक्ने व्यवस्था अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ मा व्यवस्था गरिएको पन्थीले बताए।

अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिका लागि औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गर्ने कोषले जनाएको छ। पन्थीका अनुसार उक्त योजनामा सहभागी श्रमिकले तोकिएको अस्पतालमा वार्षिक एक लाखको औषधोपचार सुविधा प्राप्त गर्नेछन्। बिरामी हुँदा वा सुत्केरी भएको अवस्थामा आधार भूत परिश्रमिकको ६० प्रतिशत रकम, जुनसुकै कारणबाट दुर्घटना हुँदा सात लाख उपचार खर्च र अशक्तता भएको अवस्थामा आधार भूत पारिश्रमिकको ६० प्रतिशत रकम पाउनेछन्।

कोषले प्रदान गर्ने औषधोपचार, दुर्घटना तथा आश्रित परिवार सुविधा प्राप्त गर्न योगदानकर्ताले कम्तीमा नौ महिना तथा वृद्धावस्थाबापतको सुविधा प्राप्त गर्न ६० वर्ष उमेर पुग्नुका साथै कम्तीमा एक सय ८० महिना योगदान गरेको हुनुपर्नेछ।

### कसरी सहभागी हुने ?

अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिले कोषमा आवेदन दिएर उक्त योजनामा सहभागी हुन सक्ने जनाइएको छ। आवेदनका लागि स्वरोजगारमा रहेका व्यक्तिले नागरिकताको प्रतिलिपि, व्यवसाय दर्ता गरेको भए प्रमाणपत्र, वडा कार्यालयको सिफारिस, आफूले मासिक रुपमा गर्ने योगदान रकम, प्यान वा कर दर्ता प्रमाणपत्र र सम्पर्क नम्बर पेस गर्नुपर्ने छ।

अनौपचारिक क्षेत्रका श्रमिकले नागरिकताको प्रतिलिपि, आफूले श्रम गरिरहेको क्षेत्र (कृषि, यातायात, निर्माण वा घरेलु कामदार), वडा कार्यालयले निज उक्त क्षेत्रमा कार्यरत श्रमिक हो भनी गरेको सिफारिसपत्र पेस गर्नुपर्ने कार्यविधिमा उल्लेख छ।

### फेदीखोला गाउँपालिकासँग सम्झौता

कोषले सो योजनालाई ‘पाइलटिङ’का रुपमा अगाडि बढाउने तयारी गरेको छ। उक्त योजनामा श्रमिकको सहभागिता वृद्धि गर्न स्थानीय तहसँग छलफल भइरहेको प्रवक्ता पन्थीले जानकारी दिए।कोषले अनौपचारिक श्रमिक तथा स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउन स्याङ्जाको फेदीखोला गाउँपालिकासँग सम्झौता गरेको छ। सम्झौताअनुसार पालिकाले अनौपचारिक क्षेत्रमा रहेका श्रमिकको तर्फबाट आधारभूत परिश्रमिकको नौ दशमवल ३७ प्रतिशत र सम्बन्धित व्यक्तिको ११ प्रतिशत गरी एक हजार नौ सय १२ मासिक कोषमा योगदान गर्नेछ। गोरखा, बागलुङ, बर्दियालगायत जिल्लाका स्थानीय तहसँग सम्झौता गर्ने तयारी भइरहेको उनको भनाइ छ।

# चरिकोट बहुउद्देश्यीय सहकारी संस्थाको दशौं साधारण सभा सम्पन्न



**ईश्वर बिश्वकर्मा/मध्यान्ह**
चरिकोट, २७ साउन

दोलखाको भीमेश्वर नगरपालिका-६ मा रहेको चरिकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको दशौं वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारणसभाको उद्घाटन जिल्ला सहकारी संघका उपाध्यक्ष देवीप्रसाद फुँयालले गरे।

सो अवसरमा उनले सहकारीहरुले उत्पादन र औद्योगिक क्षेत्रमा लगानी गरी गरिबी निवारणमा जोड दिन आवश्यक रहेको उल्लेख गरेका थिए। सहकारीको माध्यमबाट समाजलाई आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा सवल बनाएर दिगो विकास लक्ष्य हासिल गरिनुपर्ने उनको भनाइ थियो।

सभामा भीमेश्वर नगरपालिकाका सहकारी शाखा प्रमुख नारायण प्रसाद सेढाईंले सहकारीले अनुत्पादक क्षेत्रमा लगानी गर्नेगर्दा सो लगानी जोखिममा पर्ने विषयलाई मनन गर्न आवश्यक रहेको बताएका थिए। उनले सहकारीहरु च्याउ उम्रेजस्तो हुँदा त्यसलाई व्यवस्थापन र नियमनमा समस्या हुने उल्लेख गरेका थिए। सहकारीले ऋण लगानीमा कडाइ गर्न आवश्यक रहेको उनको भनाइ थियो।

सभामा सहकारीका अध्यक्ष विकास चौलागाईंले सहकारीलाई नमूनायोग्य बनाउने योजना निर्माण गरेर अघि बढ्ने बताए थिए। सीमित व्यक्तिहरुको प्रयासमा शुरुवात गरिएको सहकारीलाई अहिलेको अवस्थामा ल्याउन धेरै सहकारी अभियान्ताहरु जोडिएको उनले बताए। ऋण उठाउन नसकेर समस्याग्रस्त अवस्थामा रहेको सहकारीको नेतृत्व गरी आफूले समस्यालाई सुल्झाएको बताउँदै उनले आफूलाई सफल अध्यक्षको रूपमा प्रस्तुत गरेका थिए।

सभामा सचिव वासु घिमिरेले संस्थाकाका गतिविधि तथा संस्थाका आगामी नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए भने संस्थाका कोषाध्यक्ष लिलाबहादुर नेवारले करिब दुई करोड ४० लाख ८५ हजार बराबरको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। संस्थाले गत आर्थिक वर्षमा तीन लाख ८४ हजार खुद नाफा कमाएको छ।

**सदस्य र कर्मचारी सम्मानित**

संस्थाको साधारणसभामा उत्कृष्ट सदस्य र कर्मचारीलाई सम्मान गरिएको छ। उत्कृष्ट ऋणीको रुपमा दिलरञ्जन थामी, उत्कृष्ट बचतकर्ताको रुपमा फौजप्रसाद फुँयाल, उत्कृष्ट बाल बचतकर्ताको रुपमा युनिक खड्गी, उत्कृष्ट सदस्यको रुपमा रामबहादुर कुसु, उत्कृष्ट स्कुलको रुपमा त्रिपुरा स्कुल र उत्कृष्ट कर्मचारीको रुपमा बचत सहायक मनिषा कार्कीलाई सम्मान गरिएको थियो।

# युवाले नै नेपालको रुपान्तरण गर्ने हो : अर्थमन्त्री

**ललितपुर।** अर्थमन्त्री डा. प्रकाशशरण महतले युवाले नै नेपालको रुपान्तरण गर्ने विश्वास व्यक्त गरेका छन्। अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा युवा संस्था सञ्जाल नेपाल (आयोन) द्वारा ललितपुरमा शनिबार आयोजित कार्यक्रममा उनले नेपालको आर्थिक विकास र रुपान्तरणमा युवाको महत्वपूर्ण भूमिका रहेको बताए।

‘युवाले नै नेपालको रुपान्तरण गर्ने हो। विदेशमा सबै कुरा हुन्छ भन्ने सोचेर विदेश जाने मात्रै धारणा र सोच नबनाउनुस्, विदेशमाभन्दा नेपालमा नै धेरै काम गर्न सकिन्छ, नेपालमा धेरै कुरा गर्न बाँकी छ, कहाँ अवसर छ भनेर सुक्ष्म दृष्टिबाट सोचेर अवसर खोज्नुस्’, अर्थमन्त्री डा. महतले भने, ‘युवालाई विदेशिनबाट रोक्ने कसरी भन्ने अहिले महत्वपूर्ण बनेको छ, युवामा भएका क्षमता, योग्यता, सम्भावनालाई यही सदुपयोग गर्नु आवश्यक छ। अध्ययनका लागि विदेश जानुभयो भने पनि फर्कनु होला।’

नेपाली युवाले सफ्टवेयर बनाएर एक्सपोर्ट गरिरहेको बताउँदै डा. महतले नेपालमा सूचना र प्रविधिका क्षेत्रमा काम गर्ने धेरै अवसर र सम्भावना रहेको तर्क इङ्गीत गरे। उनले बजेटमा युवा उद्यमशीलाका लागि एक अर्ब रकम छुट्याएको बताउँदै युवालाई युवा स्वरोजगार कोष, मन्त्रालयमार्फत प्रस्ताव पेस गर्नसक्ने बताए। युवा उद्यमीलाई तीन प्रतिशत व्याजमा ऋण पाउने व्यवस्था रहेको बताउँदै डा. महतले आयोनलाई सहजकर्ताको भूमिका निर्वाह गर्न आग्रह गरे।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले नेपालमा सन् २००४ देखि दिवस मनाउने परिपाटी सुरु भएको बताउँदै चौबिसौं अन्तर्राष्ट्रिय युवा दिवस मनाउँदा वार्षिक छदेखि सात लाख युवा विदेशिने गरेको तथ्यांक रहेको बताए। उनले सरकारलाई उद्यमशीलताका लागि कार्यक्रम ल्याउन र सोहीअनुसार युवाका लागि आवश्यक बजेट व्यवस्थापन गर्न आग्रह गरे।

कार्यक्रममा ९२ वटा युवा संस्था आवद्ध रहेको युवा संस्था सञ्जाल नेपाल (आयोन) का तर्फबाट अध्यक्ष विकल राईले युवाका आवश्यकतालाई ध्यानमा राखेर तयार पारिएको मागपत्र हस्तान्तरण गरे।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office Kathmandu
Road Division Charikot

**Invitation for Bids**

**Notice No.: 02/080/81**
**First Publication Date: 2080/04/28 (2023-08-13)**

1. Road Division Charikot invites bids from registered eligible contractors for following works.

| S. N. | Contract No. | Name of Projects | Bid Security Amt. (NRs) |
|---|---|---|---|
| 1 | RDCHT/337310113/080/81-06 | Recurrent Maintenance works at Bhotechaur - Chhapeli Road F02604, Sindhupalchowk | 62,000 |
| 2 | RDCHT/337310113/080/81-07 | Specific Maintenance at Mude-Khadichaur Road NH 23-009, Sindhupalchowk | 92,000 |
| 3 | RDCHT/33701169-4/080/81-08 | Road Construction works at Pushpalal Marga-Chaute-Banjhe-Jhule-Jiri Road, Dolakha | 2,32,000 |
| 4 | RDCHT/33701169-4/080/81-09 | Roadway Construction Works at Shakhine-Sera-Chipighau-Surke along Baghkhor Road, Dolakha | 2,48,000 |
| 5 | RDCHT/33701169-4/080/81-10 | Roadway Construction work at Melamchi Bazar-Melamchi Headworks Road, Sindhupalchowk | 2,95,000 |

2. Bid Fee Shall Be NRs. 3000.
3. For detail eligible bidders may visit www.bolpatra.gov.np/egp

**Division Chief**



## डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
**यदी छ भने हामीलाई सम्झनुहोस्।**

हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

**नुम्स कम्प्युटर्स प्रा.लि.**
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**